
# लेखापरीक्षण प्रतिवेदन

# धोबीनी गाउँपालिका, पर्सा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# धोबीनी गाउँपालिका, पर्सा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

# गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

# मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय**

**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/228

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्ष ज्यू,

धोबीनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,

पर्सा।

**कैफियतसहितको राय।**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा,यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान( नगदमा आधारित ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

1= गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.८ करोड ६४ लाख ६२ हजार , राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमनको रु.१ लाख समेत गरी रु.८ करोड ६५ लाख ६२ हजार समावेश गरेको छैन।

2= गाउँपालिकाको लागि संघीय सरकारबाट ससर्त अनुदान रू.१२ करोड ५७ लाख १४ हजार, प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रु.२ करोड ४ लाख ५७ हजार बचत रहेको छ । उक्त रकम आर्थिक वर्षको समाप्ति अगावै सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ ।

3= धोबीनी गाउँपालिकाको रु. ५५ करोड ०६ लाख २५ हजार लेखापरीक्षण गरिएकोमा प्रारम्भिक बेरुजू रु. २ करोड ८६ लाख २५ हजार देखिएको छ। सो सम्बन्धमा प्रतिकृया प्राप्त गर्ने अवधि सम्म २ लाखको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.१ करोड ४३ लाख ३३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.५३ लाख २९ हजार, नियमित गर्नुपर्ने रु.७० लाख ७३ हजार र पेस्की बाँकी रु.१८ लाख ९० हजार समेत यस वर्ष रू.२ करोड ८६ लाख २५ हजार बेरुजु कायम रहेको छ। पालिकाको गत वर्षसम्म रु.२६ करोड ७७ लाख ८२ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष सम्परीक्षणका लागि अनुरोध प्राप्त नभएकोले सम्परीक्षण नभई हालसम्मको अद्यावधिक बेरुजू रु.२९ करोड ६४ लाख ७ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

4= गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ।त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( ईन्द्र प्रसाद आचार्य )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु बर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४२ | ७७ | २,८६,२४,९२० | ० | ० | ० | ० | ४२ | ७७ | २,८६,२४,९२० | १,४३,३३,२५८ | ७०,७२,९९८ | ५३,२८,६६५ | ० | ० | १,२४,०१,६६३ | १८,९०,००० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्सा | २६,७७,८२,००० | ० | ० | २६,७७,८२,००० | ० | २,८६,२४,९२० | २९,६४,०६,९२० |

# (८०२२२५०६३०० - धोबीनी गाउँपालिका, पर्सा )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :**-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार संचालन गर्ने उद्देश्यले यस धोविनी गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ।यस गाउँपालिका अन्तर्गत ५ वडा, क्षेत्रफल २४.४१ वर्ग कि मी र जनसंख्या १९९११ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :**- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।१०।६ देखि २०८१ ।१०।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) लेखापरीक्षणको क्रममा असुली :**- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.११३६०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | काली प्रसाद लाखे मा वि को छात्रवृति वापतको रकम | ११३६०० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण परीक्षण (स्थानीय तह)**

**वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | **राजस्व, अनुदान र अन्य प्राप्ति** | | | | | | | |
| ११००० | कर | | ६६१९१६२९.६२ | ० | ६६१९१६२९.६२ | २३२६९००५.६८ | ० | २३२६ |
| १३००० | अनुदान | | १८९४७३८६०.४७ | ० | १८९४७३८६०.४७ | २१७५९८८१३.७४ | ० | २१७५९ |
| १४००० | अन्य राजस्व | | ४३८२०९१.९६ | ० | ४३८२०९१.९६ | ७५७८७३७.०५ | ० | ७५७ |
| **क** | **कुल जम्मा प्राप्ति** | | २६००४७५८२.०५ | | २६००४७५८२.०५ | २४८४४६५५६.४७ | | २४८४४ |
| ३ | **चालु** | | १८८६३३०२५. | ० | १८८६३३०२५. | १८२७७९७५२.१ | ० | १८२७ |
| २१००० | पारिश्रमिक / सुविधा | | ६८८५३६५६.७३ | ० | ६८८५३६५६.७३ | ५५०४००६०.९ | ० | ५५० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ११३२३१९०३.२७ | ० | ११३२३१९०३.२७ | ११५४९३७४७.२ | ० | ११५४ |
| २५००० | सहायता (Subsidy) | | ३००००००. | ० | ३००००००. | ३०५९४९९. | ० | ३ |
| २६००० | अनुदान | | ० | ० | ० | २४६९६२९. | ० | २ |
| २७००० | सामाजिक सुरक्षा | | ५४४९३७२. | ० | ५४४९३७२. | ४८२०२७५. | ० | ४ |
| २८००० | अन्य खर्च | | ७९८०९३. | ० | ७९८०९३. | १८९६५४१. | ० | १ |
| ४ | **पूंजीगत** | | ८३७२९१६९. | ० | ८३७२९१६९. | १०६२११३७३. | ० | १०६ |
| ३१११० | भवन तथा संरचना | | ११६४९०१६. | ० | ११६४९०१६. | ३९५१९२३. | ० | ३ |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ५९०७८९२. | ० | ५९०७८९२. | १२४४८३७७. | ० | १२ |
| ३११३० | अन्य पूँजीगत खर्च | | ७८५७७८. | ० | ७८५७७८. | ४९५०००. | ० | |
| ३११५० | सार्वजनिक निर्माण | | ६१०२२०२३. | ० | ६१०२२०२३. | ८५७७६४७८. | ० | ८५ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ४३६४४६०. | ० | ४३६४४६०. | २१३५८५२. | ० | २ |
| ३११७० | पूँजीगत सुधार खर्च | | ० | ० | ० | ४६२५२६. | ० | |
| ३१२२० | मौज्दात सामानहरु | | ० | ० | ० | ९४१२१७. | ० | |
| **ख)** | **कुल जम्मा भुक्तानी** | | २७२३६२१९४. | | २७२३६२१९४. | २८८९९११२५.१ | | २८८९ |
| **ग)** | **बचत / कमी (ग = क-ख )** | | -१२३१४६११.९५ | | -१२३१४६११.९५ | -४०५४४५६८.६३ | | -४०५४ |
| **घ)** | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)** | | -१७२०२२९. | | -१७२०२२९. | ७८४९९४. | | |
| **घ.१)** | **कट्टी रकम** | | -६०५०८७.४८ | | -६०५०८७.४८ | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **भुक्तानी/ दाखिला गर्न बाकी** | | | | | | | |
| **ङ)** | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ)** | | -१४०३४८४०.९५ | | -१४०३४८४०.९५ | -३९७५९५७४.६३ | | -३९७५ |
| **च)** | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | २१७१४६२१.८६ | | २१७१४६२१.८६ | ६३२२२१८८.६४ | | ६३२२ |
| **छ)** | **विनिमय नाफा/ घाटा तथा अन्य समायोजन** | | | | | | | |
| **ज)** | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | ७६७९७८०.९१ | | ७६७९७८०.९१ | २३४६२६१४.०१ | | २३४६ |

२.१ **वित्तीय विवरणको यथार्थता -**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोवार लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ती र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८६४६१६५९ राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना १०००००, सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.२ **फरक हिसाब** –

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.१०३५५४३, यस वर्षको प्राप्ती रु.८६१८९०६५ यस वर्षको भुक्तानी रु. ८६६३६३७४ र बैङ्क मौज्दात रु. ५८८२३४ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | २१७१४६२२ | २६८२९५०६१ | २८२३२९९०२ | ७६७९७८१ |
| एकीकृत आर्थिक विवरणअनुसार | २२७५०१६५ | ३५४४८४१२६ | ३६८९६६२७६ | ८२६८०१५ |
| फरक | (१०३५५४३) | (८६१८९०६५) | (८६६३६३७४) | (५८८२३४) |

२.३ **फरक जिम्मेवारी -**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. २,३३,६२,६१४.०१ मौज्दात रहेकोमा यो वर्ष रु.२,१७,१४,६२१.८६ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा

उल्लेख भएको भन्दा रु.१६,४७,९९२।१५ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,४७,९९२.१५ |

२.४ **बैङ्क हिसाब विवरण -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| बैंक तथा नगद मौज्दात | | | | |
|---|---|---|---|---|
| खाताको प्रकार / बैंकको नाम (खाता नं) | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक | कैफियत |
| ग १.१ - आन्तरिक राजस्व खाता / एन आई सि एशियाबैंक लि., E०CA०५११२१८५२४०२ | १८२४०९० | ५२८३० | १७७१२६० | |
| ग २.१ - चालू खर्च खाता- विजोर वर्ष / एन आई सिएशिया बैंक लि., E०CA०५११२१८५२४०५ | ५३१७४ | २०३२७४ | -१५०१०० | |
| ग २.३ - पूँजिगत खर्च खाता- विजोर वर्ष / एन आई सिएशिया बैंक लि., E०CA०५११२१८५२४०४ | १२९६९ | ६२९६९ | -५०००० | |
| ग २.७ - विविध खर्च खाता / एन आई सि एशिया बैंकलि., ०२२२०५००२८३३२००२ | ५७४११ | ८७७३ | ४८६३८ | |
| ग ३.१ - स्थानीय तह धरौटी खाता / एन आई सि एशियाबैंक लि., E०CA०५११२१८५२४०३ | ७७५८५९१ | ७५५८७७६ | १९९८१५ | |
| ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता / एन आई सिएशिया बैंक लि., E०CA०५११२१८५२४०१ | ६१३५७ | ६४२०१ | -२८४४ | |
| जम्मा | ९७६७५९३ | ७९५०८२३ | १८१६७६९ | |

पालिकाको माथि उल्लिखित सबै खाताहरुको श्रेष्ता र बैंकबीच रकम फरक पर्न गएको देखिन्छ ।अत: मौज्दात रु १८१६७६९ फरक हुनुको कारण पत्ता लगाई पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.५ **सञ्चित कोषमा स्थानान्तरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु २०३२७४ र पुँजीगत खातामा रु. ६२९६९ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.६ **कर दायित्व –**

आयकर ऐन २०५८ वमोजिम विभिन्न भुक्तानीमा कट्टा गरिएको कर रकम सम्वन्धित खातामा दाखिला हुनुपर्दछ। पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. ६,०५,०८७.४८ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ६,०५,०८७.४८ |
|---|---|

## ३ **बजेट तथा कार्यक्रम**

### ३.१ **बजेट सीमा निर्धारण समिति -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

### ३.२ **बजेट पेश, पारित र अख्तियारी -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले मिति २०८०।०३।१० गते रु ३६ करोड ५ लाख ५५ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०६।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।तसर्थ कानूनमा तोकिएको समयमै बजेट पारित गरी अख्तियारी प्रदान गर्नुपर्दछ ।

### ३.३ **लक्ष्य प्रगति -**

पालिकाले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्ने ब्यवस्था मिलाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगती** | **१ देखी २५प्रतिशत सम्म** | **२५ देखी ५० प्रतिशत सम्म** | **७५ प्रतिशत सम्म** | *७५ प्रतिशत भन्दा माथि* |
| **पालिका स्तरीय** | १३२ | ४३ | १ | २ | ३ | ८३ |
| **वडा स्तरीय** | ८१ | ७ | ० | ० | १ | ७३ |
| **कुलकार्यक्रम संख्या** | २१३ | ५० | १ | २ | ४ | १५६ |

**योजनाको प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण

संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल २१३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना संख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १३२ | २ | ६२ | ६८ |
| २ | वडास्तरीय | ८१ | ४ | ५५ | २२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १६३ योजनामात्र कार्यान्वयन भई ५० योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## ३.४ त्रैमासिक पूँजीगत खर्च-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| पूँजिगत | ८३७२९१६९ | ७९६९८२२ | ६४८८५१८ | १७०७८७३६ | ५२१९२०९३ | ३४६१९६५४ |
| प्रतिशत | १०० | १० | ८ | २० | ६२ | ४१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. १०१३९१०४५.८७ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ७९६९८२२ अर्थात १० प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ६४८८५१८ अर्थात ८ प्रतिशत र तेश्रो त्रैमासिकमा रु. १७०७८७३६ अर्थात २० र चौथो त्रैमासिकमा रु. ५२१९२०९३ अर्थात ६२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३४६१९६५४ अर्थात ४१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

## ३.५ क्षेत्रगत बजेट तथा खर्च -

स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।लक्ष्य अनुसार खर्च गरी पूर्वाधार विकास गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | १८७५००००. | १३२८५१६२. | ७०.८४ |
| २ | सामाजिकविकास | १७८५०४०००. | १४६७८३६७५.४७ | ८२.२३ |
| ३ | पूर्वाधारविकास | ८३१५००००. | ५४५९४१८१. | ६५.६६ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ३२०००००. | १६०३०३९. | ५०.०९ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | ७६३३४०००. | ५६०९६१३६.५३ | ७३.४८ |
| कुलजम्मा | | ३५९९३८०००. | २७२३६२१९४. | ७५.६६ |

३.६ **गत विगतको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ३५६७६६९।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| मिति | भौ.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | खर्च |
|---|---|---|---|
| १२/०६/२०८० | ७ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | १०३९५६. |
| १२/०६/२०८० | २७ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | १३४४००. |
| १३/०६/२०८० | २८ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | २०८२२०. |
| १३/०६/२०८० | २९ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | १९८१७९. |
| १५/०६/२०८० | ३१ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | १५५६००. |
| १५/०६/२०८० | ३३ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | ११५२००. |
| १५/०६/२०८० | ३४ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | २४,५५०.०० |
| १६/०६/२०८० | ४० | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | ९०,१७४.०० |
| १९/०६/२०८० | ४२ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | १४८६८५. |
| २८/०६/२०८० | ७० | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | ६,६२४.०० |
| ३०/०६/२०८० | ८४ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | १२,१००.०० |
| ३०/०६/२०८० | ९० | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | ६८४०६७. |
| ०१/०७/२०८० | ९४ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | ८६०३०६. |
| ०२/०७/२०८० | १०३ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | ७,९१०.०० |
| २०/०६/२०८० | ४७ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | १०२३६०. |
| २५/०९/२०८० | १७५ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | ८५,३३८.०० |
| ०७/११/२०८० | २७७ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | ३०००००. |
| ०६/१२/२०८० | ३७७ | गत आ.ब.को भुक्तानि दिन बांकि रकम हरु(२२१ नं.प्रमाणित कार्यालयप्रमुख वाट भए अनुसारको भुक्तानि दिन बांकि) | ३३००००. |
| | | | |

| | |
|---|---|
| जम्मा | ३५६७६६९. |

३.७ **खर्च बिश्लेषण-**

पालिकाले यसवर्ष कुल आन्तरिक आय रु. ८५ लाख ५७ हजार राजस्व बाँडफाँड रु. ६ करोड १९ लाख १७ हजार र अनुदानबाट रु. १८ करोड ९४ लाख ७३ हजार समेत रु. २५ करोड ९९ लाख ४८ हजार आम्दानी भएकोमा चालुतर्फ रु.१८ करोड ८६ लाख ३३ हजार र पूँजिगततर्फ रु. ८ करोड ३७ लाख २९ हजार गरी जम्मा रु. २७ करोड २३ लाख ६२ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.१४ प्रतिशत रहेको छ । पालिकालाई यस आर्थिक बर्षमा प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमको तुलनामा चालु ७२.५६ र पूँजिगत ३२.२ प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

४ **आन्तरिक नियन्त्रण ब्यवस्था:**

४.१ **आन्तरिक लेखापरीक्षण शाखा -**

प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

४.२ **आन्तरिक लेखापरीक्षण -**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

४.३ **मर्मत सम्भार खर्च-**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्चको पुष्टयाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष सवारी साधन मर्मत शिर्षकबाट रु. १६ लाख र मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन शीर्षकबाट रु. ८ लाख समेत रु. २४ लाख खर्च लेखेकोमा मर्मत आदेश संलग्न गरे तापनि मर्मतबाट फिर्ता प्राप्त पार्टपूर्जा दाखिला गर्ने गरेको देखिएन। साथै मर्मत अभिलेख समेत राखेको छैन। कुन कुन मेशिनरी तथा सवारी साधन मर्मत गरेको हो यकिन गर्ने आधार देखिएन ।तसर्थ सम्बन्धित उपयोगकर्ताबाट मर्मत सम्पन्न भएको पुष्टी हुने प्रमाणित कागजात संलग्न गरी खर्च लेख्नु पर्दछ।केही उदाहरण यस प्रकार छन:

| गो भौ नं.मिति | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | भुक्तानीपाउने | रकम | कैफियत |
|---|---|---|---|---|
| १३९-२०८०/०८/२५ | वडा कार्यालय संचालन प्रशासनिक खर्च | जितेन्द्र प्रसाद चौहान | ३१,६२३ | मर्मत अभिलेख खाता नभएको |
| १९२-२०८०/०९/२८ | मोटरसाइकल मर्मत | प्रदीप प्रसाद कुर्मी | २५,०१९ | मर्मत अभिलेख खाता नभएको |
| २२८-२०८०/१०/१७ | मोटरसाइकल मर्मत | बृजकिशोर त्रिपाठी | ७,८८० | मर्मत अभिलेख खाता नभएको |
| | | | ६४,५२२ | |

४.४ **भ्रमण अभिलेख एवं प्रतिबेदन-**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार अनुगमन मूल्याङ्कनबाट रु. ७ लाख ६६ हजार खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन साथै भ्रमण/अनुगमन प्रतिबेदन बेगर खर्च लेखेको दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन । नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र भ्रमण खर्च लेख्नु पर्दछ ।

४.५ **आन्तरिक नियन्त्रण प्रणाली** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन।यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

- पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नराखेको, केही गोश्वारा भौचरहरुमा कार्यालय प्रमुखको दस्तखत नभएको
- भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रमको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाईमात्र श्रेस्तासाथ राख्ने गरेको,
- उपभोक्ता समितिहरुले पेश गरेको बिल भरपाईहरु मूल्याङ्कन अनुसार भए नभएको यकिन गर्ने नगरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,
- सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइएन । कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ,
- यस पालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,
- ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,

- सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले खरिद योजना र खरिद गुरुयोजना तयार नगरी प्रतिस्पर्धात्मक विधि समेत नअपनाई सोझै खरिद कार्य गरेको छ,
- पालिकाबाट सञ्चालन गरिएका अभिमुखीकरण कार्यक्रम सीप विकास तालिम लगायतका कक्षाहरुमा श्रोत व्यक्तिलाई प्रशिक्षण भत्ता भुक्तानी गरेकोमा अधिकांशमा कार्यपत्र समावेश छैन भने विभिन्न् कार्यक्रमहरुको अनुगमन गरेको भनी भत्ता भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदन समेत छैन ।
- बैठक भत्ता बापत भुक्तानी भएकोमा नियमित कार्य प्रकृतिका लागि समेत बैठक बसेको भनी भुक्तानी गरेको छ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,
- पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,
- पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वियन गरेको पाइएन,
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन,
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन,
- पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ५ कानुन निर्माण र न्याय सम्पादन:

### ५.१ कानून कार्यान्वयन स्थिति –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म के कति कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ र कति वटा कानुन राजपत्रमा प्रकाशन भएका छन् , पालिकासंग विवरण माग गर्दा विवरण उपलब्ध भएन । पालिकाले कानून निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

### ५.२ न्यायिक समिति –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने

व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको ८ गरी कुल ११ विवाद दर्ता भएकोमा ११ वटा नै फछ्र्यौट भएको देखिन्छ ।

६ **संगठन तथा कर्मचारी व्यवस्थापन-**

६.१ **तलवी प्रतिवेदन-**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र निजामति कर्मचारीको तलवी प्रतिवेदन निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) मा जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षको तलवी प्रतिवेदन पारित नगरी रु. ६९ लाख ३९ हजार २९० कर्मचारी पारीश्रमिकमा भुक्तानी गरेको छ । तलवी प्रतिवेदन पारित नहुँदा तलव स्केल र ग्रेड भिडान गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्दछ ।

६.२ **कर्मचारी व्यवस्था -**

पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गरेको पाइएन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी अनुसारको पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन । रिक्त पदपुर्ति गर्न के कस्तो प्रयास भएको छ सो विवरण समेत लेखापरीक्षणको क्रममा उपल्ब्ध हुन सकेन । रिक्त पद समयमा नै पदपूर्ति गरी दरबन्दी भन्दा बढी हुनेगरी पदपूर्ति नगरी कर्मचारी व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाउनु पर्दछ ।

६.३ **करार सेवा -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसारपसार,सरसफाई,टेलिफोन , विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख टाइपिङ वा कम्प्युटरटाइप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति फर्म संस्था वा कम्पनिसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिँदा त्यस्तो सेवाको आवश्यकता किसिम समयावधि गुणस्तर सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ । तर पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गरेको देखिएन । त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरवन्दी कायम समेत नगरी यो वर्ष अन्य सेवा शुल्कमा रु. ९८ लाख ८३ हजार ५३७ खर्च गरेको छ । लेखापरीक्षणको क्रममा करार नियुक्ति सम्बन्धी सम्झौता तथा म्याद थप सम्बन्धी कागजात पेश नभएकोले करार नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ । इनपुट मार्फत खर्च बढी रहने तर आउटपुट स्पष्ट नहुने प्रणालीको अन्त गरी करार सेवा प्रणालीलाई व्यवस्थीत बनाउनु पर्दछ ।

७ **जिन्सी ब्यवस्थापन-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी मालसामानको मौजुदा अवस्थाको बारेमा कम्तिमा वर्षमा १ पटक कार्यालय प्रमुख आफैले वा जिन्सी शाखाको जिम्मा लिने बाहेक अन्य कर्मचारीलाई जिन्सी निरीक्षण गर्न लगाई प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले जिन्सी निरीक्षण गरि मर्मत गर्नुपर्ने, लिलाम विक्रि गर्नु पर्ने तथा मिन्हा गर्नुपर्ने भनि जिन्सी सामानको पहिचान गरेको पाइएन। तोकीए अनुसार सार्वजनिक सम्पतिको व्यवस्थापनलाई प्रभावकारी वनाउनुपर्दछ।

८ **धरौटी र कोष**

**मुल्य अभिबृद्धि कर समायोजनको प्रमाण वेगर धरौटी फिर्ता-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा रिटेन्सन मनी बापत राखेको धरौटी फिर्ता गर्दा सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण (मूल्य अभिबृद्धि कर समायोजन) गरेको प्रमाण कागजात पेश गरे पछि भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।लेखापरीक्षणका क्रममा पालिकाले देहायबमोजिमका निर्माण व्यवसायीहरुको रु. ६२७३९० बराबरको मूल्य अभिवृद्धि कर समायोजन पत्र बेगर धरौटी फिर्ता गरेको देखियो । पालिकाले धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| क्रसं | गो भौन मिति | विवरण | निर्माणब्यवसायीको नाम | रकम |
|---|---|---|---|---|
| १ | ०४-२०८०/०९/१८ | धरौटीफिर्ता | दिब्या एण्ड अंश कन्स्ट्रक्शन | ४१७१९ |
| २ | ०५-२०८०/०९/१८ | धरौटीफिर्ता | दिब्या एण्ड अंश कन्स्ट्रक्शन | ७२३५४ |
| ३ | ११-२०८०/११/०५ | धरौटीफिर्ता | रजनी कन्स्ट्क्सन | १७७२०९ |
| ४ | १७-२०८०/११/०५ | धरौटीफिर्ता | श्री कृष्ण कन्स्ट्क्सन | २१२८७ |
| ५ | १८-२०८०/११/०५ | धरौटीफिर्ता | ऋषि कन्स्ट्क्सन | ४२४२० |
| ६ | २५-२०८०/११/१४ | धरौटीफिर्ता | स्वस्तिक ड्रिलिङ्ग एण्ड हार्डवेयर सप्लायर्स | ४२९१८ |
| ७ | २७-२०८०/११/१५ | धरौटीफिर्ता | नाहिदा कन्स्ट्क्सन | ४२४३१ |
| ८ | ५२-२०८१/०२/१७ | धरौटीफिर्ता | तनिसा निर्माण सेवा | २५९८८ |
| ९ | ५२-२०८१/०२/१७ | धरौटीफिर्ता | मा भवानीदुर्गा कन्स्ट्क्सन | ४५७०८ |
| १० | ५२-२०८१/०२/१७ | धरौटीफिर्ता | जन जागरण कन्स्ट्क्सन | २१३४२ |
| ११ | ६४-२०८१/०२/२८ | धरौटीफिर्ता | शिलाई न्जिनियरिङ्ग प्रा लि | १५२९४ |
| १२ | ७२-२०८१/०३/०७ | धरौटीफिर्ता | ईशान कन्सट्रक्सन | १४८२० |
| १३ | ७०-२०८१/०२/२८ | धरौटीफिर्ता | रंजित कन्स्ट्रक्सन | ६३९०० |
| जम्मा | | | | ६२७३९० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,२७,३९० |

९ **चालु आ.व.को पेस्की बाँकी -**

**म्याद नाघेको पेश्की-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की गत आर्थिक वर्षको समेत फस्यौंट नभई हाल सम्म रु. ८६ लाख ७७ हजार ४०० बाँकी रहेको देखिन्छ। जस मध्ये आ.व.२०८०।८१ को म्याद समाप्त भएको फस्यौंट गर्न बाँकी रु.

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | फछ्र्यौटको अन्तिम म्याद | म्याद नाघेको | |
| १ | २४/०६/२०८० | ५८ | छठिघाट ब्यवस्थापन खर्च /सुकदेव बाबाको मन्दिरमा पुजा खर्च तथासाँस्कृतिक कार्यक्रम | देवेन्द्रप्रसाद कुर्मी | वडाअध्यक्ष | २९/०७/२०८० | ४५००००. | |
| २ | ०१/०८/२०८० | १३२ | धार्मिक छठपुजा,सवारीपूजा हातहतियार पुजा होलि मिलन ईद पर्व | अबास मियाचुरिहार | वडाअध्यक्ष | ०६/०९/२०८० | ५०,०००.०० | |
| ३ | ०१/०८/२०८० | १३२ | धार्मिक छठपुजा,सवारीपूजा हातहतियार पुजा होलि मिलन ईद पर्व | दिबेन्द्रप्रसाद कुर्मी | वडाअध्यक्ष | ०६/०९/२०८० | ५०,०००.०० | |
| ४ | ०१/०८/२०८० | १३२ | धार्मिक छठपुजा,सवारीपूजा हातहतियार पुजा होलि मिलन ईद पर्व | मनौवर अहमद | वडाअध्यक्ष | ०६/०९/२०८० | ७०,०००.०० | |
| ५ | ०१/०८/२०८० | १३२ | धार्मिक छठपुजा,सवारीपूजा हातहतियार पुजा होलि मिलन ईद पर्व | राजकिशोरप्रसाद कुर्मी | वडाअध्यक्ष | ०६/०९/२०८० | ५०,०००.०० | |
| ६ | ०१/०८/२०८० | १३२ | धार्मिक छठपुजा,सवारीपूजा हातहतियार पुजा होलि मिलन ईद पर्व | वन्धु साहातेली | वडाअध्यक्ष | ०६/०९/२०८० | ५०,०००.०० | |
| ७ | २३/१०/२०८० | ६३ | राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता (स्थानीय तहस्तरीय) | वृजकिशोरत्रिपाठी | | २९/११/२०८० | १०००००. | |
| ८ | २३/१०/२०८० | ६३ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षणमुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | वृजकिशोरत्रिपाठी | | २९/११/२०८० | ३९००००. | |
| ९ | ०१/११/२०८० | ६५ | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम | मंदिपकुमार राम | | ०६/१२/२०८० | १०००००. | |
| १० | ०१/११/२०८० | ६५ | पोषण विशेष कार्यक्रम | मंदिपकुमार राम | | ०६/१२/२०८० | १९५०००. | |
| ११ | ०१/११/२०८० | ६५ | पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथाबालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल) | मंदिपकुमार राम | | ०६/१२/२०८० | ५५,०००.०० | |
| १२ | २४/१२/२०८० | ९३ | रोजगार संवाद मञ्चको सञ्चालन | दिलिपकुमार पटेल | | २९/०१/२०८१ | ३०,०००.०० | |
| १३ | २६/१२/२०८० | ४०५ | वडा कार्यालय संचालन प्रसानिक खर्च ( प्रत्येक वडा को ५ लाख को दरले) | अबास मियाचुरिहार | वडाअध्यक्ष | ३१/०१/२०८१ | २०,०००.०० | |
| १४ | २६/१२/२०८० | ४०५ | वडा कार्यालय संचालन प्रसानिक खर्च ( प्रत्येक वडा को ५ लाख को दरले) | दिबेन्द्रप्रसाद कुर्मी | | ३१/०१/२०८१ | २०,०००.०० | |
| १५ | २६/१२/२०८० | ४०५ | वडा कार्यालय संचालन प्रसानिक खर्च ( प्रत्येक वडा को ५ लाख को दरले) | मनौवर अहमद | वडाअध्यक्ष | ३१/०१/२०८१ | ४०,०००.०० | |
| १६ | २६/१२/२०८० | ४०५ | वडा कार्यालय संचालन प्रसानिक खर्च ( प्रत्येक वडा को ५ लाख को दरले) | राजकिशोरप्रसाद कुर्मी | वडाअध्यक्ष | ३१/०१/२०८१ | २०,०००.०० | |
| १७ | ३०/०३/२०८१ | २७९ | स्वास्थ्यकर्मीलाई इम्प्लाट तालिम | केशराजप्रसाद | | ३०/०३/२०८१ | २०००००. | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | कुर्मी | | | | |
| जम्मा | | | | | | | १८९००००. | |
| | | | | | | पेश्की | १८,९०,००० | |

१० **बढी परिमाणको भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गुलेरिया स्टेडियममा वाउण्ड्री निर्माणका लागि रु.१८,०५,३०८.४८ को लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट निर्माण गराउन मिति २०८१/२/२३ मा सम्झौता गरेको छ । प्राविधिकबाट रु.१५,९२,७९६.४८ को मुल्यांकन भई गो.भौ.नं.१६/०८१-३-२४ बाट रु.१४,३३,५१६।- भुक्तानी भएको देखियो । लेखापरिक्षणको क्रममा पालिकाको प्राविधीकसहित अनुगमनमा नापजाँच गर्दा वाउण्ड्रीबालको उचाई ०.६ मिटर नापी किताबमा चढाएकोमा ०.५ मिटर मात्र रहेको, डि.पि.सि. ढलान नापी किताबमा चढाएकोमा सो कार्य नभएको साथै दुई ठाँउमा(दुई पिल्लरको बिचमा) ईटाको गारो(बाल) नलगाएको देखिदाँ देहायअनुसारको बढी भुक्तानी भएको हुँदा यस्तो बढी भुक्तानी उपभोक्ता समिति(अध्यक्ष श्री शिवशंकर राउत कुर्मी सहित १३ सदस्य)बाट असुल गर्नुपर्ने रु.

| कामको विवरण | बढी परिमाण | दर | रकम |
|---|---|---|---|
| ईटाको बाल निर्माण(उचाईमा) | ३.९२ घ.मि. | १२३९८.०० | ४८६०० |
| दुई ठाँउमा गारो नलगाएको | १.७८३ घ.मि. | १२३९८.०० | २२१०५ |
| डि.पि.सि.ढलान(PCC For RCC 1:2:4) | २.९७ घ.मि. | १०१९४.७५ | ३०२७८ |
| | | जम्मा | १००९८३ |











| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,९८३ |

११ **बढी परिमाणको भुक्तानीः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रसोतीपुर नहरमा पुल निर्माणका लागि रु.६४९५१२.९७ को लागत अनुमान तयार गरी निर्माण व्यवसायी रुपा ट्रेड सप्लायर्सबाट निर्माण गराउन रु.६४४१८८.४६ मा सम्झौता गरेको छ । प्राविधिकबाट रु.६४२४१५.६५ को

मुल्यांकन भई गो.भौ.नं.१२०/०८१-१-८ बाट रु.६४२४१५।- भुक्तानी भएको देखियो । लेखापरिक्षणको क्रममा पालिकाको प्राविधीकसहित अनुगमनमा नापजाँच गर्दा निर्माण कार्य आधा पिल्लर मात्र ढलान भई निर्माण कार्य अधुरै रहेकोमा नापीमा बढी परिमाण(Culvert Bed २ वटा नापी) मुल्यांकन गरी भुक्तानी गरेको र कार्यसम्पन्न प्रतिबेदन समेत जारी गरेको देखियो । तसर्थ देहायअनुसारको बढी परिमाणको भुक्तानी भएको हुँदा यस्तो बढी भुक्तानी निर्माण व्यवसायी रुपा ट्रेड सप्लायर्सबाट असुल गर्नुपर्ने रु.

| आईटम नं. | कामको विवरण | बढी परिमाण | दर | रकम |
|---|---|---|---|---|
| २ | Earth Work | २७.२६५ घ.मी | ७०० | १९०८५ |
| ३ | Boulder Soling | ३.१८ घ.मि. | ४८८० | १५५१८ |
| ४ | PCC in Foundation(1:3:6) | २.२७ घ.मी. | ८८७५ | २०१४६ |
| ५ | PCC For RCC(1:24) | ६.५१ घ.मी. | १०१९० | ६६३३७ |
| ७ | Form Work(bed) | ४.२० वर्ग मि. | ९१० | ३८२२ |
| | | जम्मा | | १२४९०८ |











| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२४,९०८ |

१२ **चापाकलः**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा सार्वजनिक निकायले बिस लाख रुपैयाभन्दा बढीलागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुन सुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष

एकै प्रकृतीको देहायअनुसारको चापाकल जडान कार्य छुट्टा छुट्टै योजना बनाई ८३ थान जम्मा रु.२८,७०,९४८.४७ को चापाकल कोटेशन बिधिबाट खरिद गरेको छ । पालिकाले एकै प्रकृतीको खरिद कार्य छुट्टा छुट्टै लागत अनुमान तयार गरी कोटेशनबाट खरिद गर्दा प्रतिस्पर्धा सिमित भएको र मितव्ययी तवरले खरिद भएकोमा आश्वस्त हुन सकिएन । तसर्थ पालिकाले एउटै प्रकृतीको खरिद कार्यको प्याकेजमा लागत अनुमान तयार गरी बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्दछ ।साथै पालिकाले चापाकल जडान तथा वितरण कार्यक्रम सञ्चालनका लागि जनसहभागितासहितको कार्यबिधि तयार गरेको देखिएन । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । त्यस्तै पालिकाले लाभग्राही छनौटको कुनै प्रकृया बेगर आँफुखुशी जडान वितरण गरेकोले वास्तविक लाभग्राहीले यस्तो योजनाको लाभ प्राप्त गरेकोमा समेत आश्वस्त हुन सकिएन ।

| गो.भौ./मिति | योजनाको नाम | खरिद बिधी | जडान सँख्या | भुक्तानी रकम |
|---|---|---|---|---|
| ११/०८०-६-२८ | वडा.नं.२मा हैण्डपम्प(चापाकल) जडान | कोटेशन | २३ थान | ७७६०६२ |
| १२/०८०-६-२८ | हैण्डपम्प(चापाकल) जडान | कोटेशन | १४ थान | ४७७०६६ |
| १३/०८०-६-२८ | गा.पा.भरी बोरिङ्ग सेट जडान | कोटेशन | ५ थान | ९६५४२६ |
| २८/०८०-९-१२ | चापाकल खरिद | कोटेशन | ४१ थान | ९६९९२८ |
| ४७/०८०-१०-१० | चापाकल जडान | कोटेशन | ५६ थान | ४८८९२२ |
| १३६/०८१-१-१७ | चापाकल जडान वडा नं.१ | कोटेशन | ९ थान | ३७८४३३ |
| १४०/०८१-१-२० | डिपबोरिङ्ग वडा नं.१ | कोटेशन | ३ थान | ६५१६७५ |
| १४५/०८१-१-२३ | चापाकल जडान वडा नं.३ | कोटेशन | २४ थान | ९५९८२१ |
| १६८/०८१-२-१७ | चापाकल जडान वडा नं.१ | कोटेशन | २३ थान | ९५०४९१ |
| २०९/०८१-३-१ | चापाकल जडान वडा नं.३ | कोटेशन | १९ थान | ७६६५३४ |
| २१५/०८१-३-७ | चापाकल जडान वडा नं.५ | कोटेशन | १२ थान | ४७७४०९ |
| २४७/०८१-३-१४ | चापाकल जडान वडा नं.४ | कोटेशन | ९ थान | ३८१९८३ |
| २५७/०८१-३-१८ | चापाकल जडान वडा नं.४ | कोटेशन | १२ थान | ४८२७५२ |
| २७९/०८१-३-१९ | चापाकल जडान वडा नं.४ | कोटेशन | ३ थान | ९६४७४ |
| | | | | ८८,२९,९७६।- |

१३ **वितरणमुखी खर्च-**

१३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायअनुसारको गो.भौ.बाट कम्बल, सोलार लाईट,ग्याँस चुलो, पानी तान्ने पम्पसेट र बाख्रा खरिद गरी बिक्रेतालाई रु.५७२९९९३।- भुक्तानी दिएको छ। खरिद गरेको सामाग्री मध्ये पालिकाले सामग्री वडाहरुमा वितरणको लागि पठाई वडा अध्यक्षबाट वितरण भरपाई गरेको देखिन्छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

| गो.भौ./मिति | सप्लायर्स | सामानको विवरण | सँख्या | रकम |
|---|---|---|---|---|
| ३०२/०८१-३-२० | उत्तम एण्ड सिया सप्लायर्स | ग्याँस चुलो सेट(सिलिन्डर,चुलो,पाइप रेगुलेटर सहित) | १२७ सेट | ९८६६६८ |
| ३१०/०८१-३-२१ | प्रजापति सप्लायर्स | ग्याँस चुलो सेट(सिलिन्डर,चुलो,पाइप रेगुलेटर सहित) | १४३ सेट | ४९०१०२ |
| ३४१/०८१-३-२३ | दिल्ली ट्रेडिङ्ग | पानी तान्ने पम्पसेट(5HP) | ९ थान | ५८९५५४ |
| ३४३/०८१-३-२४ | सोसिला पाईप एण्ड फिटिङ्ग इण्डष्ट्रिज प्रा.लि. | पानी तान्ने पम्पसेट(5HP) | १५ थान | ९७८०१५ |
| ३४५/०८१-३-२४ | जय माँ दुर्गा गहवामाई सप्लायर्स | पानी तान्ने पम्पसेट(5HP) | १३ थान | ८५४९५८ |
| ३६२/०८१-३-२४ | पर्सा कृषि तथा पशुपंक्षी फार्म प्रा.लि. | वोयर बाख्रा | ११५० के.जी. | ७५८७७८ |
| ८३/०८०-११-७ | विवेक एण्ड राहुल सप्लायर्स | ब्लाङ्केट | ३० थान | ८९८३५ |
| ८४/०८०-११-७ | सहनी ब्रदर्स इन्टरप्राईजेज | ब्लाङ्केट | ३० थान | ८९८३५ |
| २०१/०८१-२-३१ | दिब्या एण्ड अंश सप्लायर्स | सोलार बत्ती | ६२ थान | १९६१६८ |
| २१०/०८१-३-७ | प्रगति एण्ड पि.सि.सप्लायर्स | स्प्रे टंकी | २२० थान | ६९६०८० |
| | | जम्मा | | ५७२९९९३ |

१३.२ पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।पालिकाले यस वर्ष उपर्युक्त अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका बाख्रा वितरण, ब्लाङ्केट वितरणमा पूँजीगत शीर्षकबाट रु.९३८४४८ भुक्तानी दिएको पाईयो । यस्तो भुक्तानी पालिकाले सड्क मर्मत तथा अन्य निर्माण कार्य लगायतको पुँजिगत शिर्षकबाट भुक्तानी गरेकोले यस्तो भुक्तानी नियम सम्मत मान्न सकिएन । रु

| | |
|---|---|
| अनियमित भएको | ९,३८,४४८ |

## १४ सोलार लाईटः

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा सार्वजनिक निकायले बिस लाख रुपैयाभन्दा बढीलागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुन सुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने उल्लेख छ । पालिकाले गाँउसभाबाट यस वर्षको वार्षिक बजेट तथा कार्यक्रममा सोलार जडान कार्यमा ३५ लाख रकम विनियोजन गरेकोमा विशेष गाँउसभाबाट यस्तो कार्यक्रमलाई ५/१० लाख भित्र रहने गरी ५ वटा कार्यक्रममा टुक्राएको देखिन्छ । यसरी पालिकाले खरिद कार्यमा प्रतिस्पर्धा सिमित हुने गरी ३५ लाखको योजनालाई कोटेशनबाट खरिद गर्ने गरी ५ भागमा टुक्राएको छ । साथै पालिकाले यस्तो सोलार टावर लाईट जडान वडास्तरिय योजनामा समेत विनियोजन गरेको छ ।पालिकाले सोलार/स्ट्रिट टावर लाईट जडान कार्यमा यस वर्ष देहायअनुसार कोटेशनबाट जम्मा रु.५९२९४७५।- को खरिद गरेको छ । यसरी पालिकाले एउटै प्रकृतीको खरिद कार्य टुक्रा टुक्रा पारी खरिद गर्दा यस्तो खरिद प्रतिस्पर्धी र मितव्ययी रहेको देखिएन । तसर्थ एउटै प्रकृतीको कार्य प्रतिस्पर्धी तवरले खुला बोलपत्रबाट खरिद नगरी प्रतिस्पर्धा सिमित हुने गरी कोटेशनबाट खरिद गरेकोले यस्तो खरिद कार्य नियम सम्मत नदेखिएको रु.

| गो.भौ./मिति | योजनाको नाम | निर्माण व्यवसायी/सप्लायर्स | खरिद बिधी | सँख्या | रकम |
|---|---|---|---|---|---|
| २०/०८०-७-३ | स्ट्रिट लाईट जडान | अगामा मल्टिपर्पोज प्रा.लि. | कोटेशन | ८ थान | ९२२६०३ |
| २२/०८०-७-३ | मिनिटावर लाईट(सौर्य) | उपभोक्ता समिति | उ.स. | ७ थान | १७४३३८० |
| ३२९/०८१-३-२३ | सोलार टावर लाईट जडान वडा नं.१ | अन्नपुर्ण सोलार प्रा.लि. | कोटेशन | ४ थान | ४६१६५५ |
| ३३२/०८१-३-२३ | सोलार टावर लाईट जडान वडा नं.२ | राम्रो पार्टस एण्ड सर्भिसेज प्रा.लि. | कोटेशन | ८ थान | ९२४०८८ |
| ३३३/०८१-३-२३ | सोलार टावर लाईट जडान वडा नं.४ | इन्भेन्टिभ पावर एण्ड कन्सलटेन्सी प्रा.लि. | कोटेशन | ४ थान | ४६१२२८ |
| ३३४/०८१-३-२३ | सोलार टावर लाईट जडान वडा नं.३ | पब्लिक सोलार एण्ड कन्सलटेन्सी प्रा.लि. | कोटेशन | ४ थान | ४६१३९२ |
| ३५५/०८१-३-२४ | स्ट्रिट लाईट(५०W Street light) जडान वडा नं.४ | सुरज एण्ड अनोखी सप्लायर्स | कोटेशन | १३१ थान | ९५५१२९ |
| | | जम्मा | | | ५९२९४७५ |

| अनियमित भएको | ५९,२९,४७५ |
|---|---|

१५ **बढी भुक्तानी-**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा बिल वा बिजकको भुक्तानी सम्बन्धमा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यको मुल्यांकनको आधारमा भुक्तानी गर्ने उल्लेख छ । पालिकाले जगननाथपुरमा दलित भवनको शौचालय तथा अधुरो वाउण्ड्रि निर्माण कार्यका लागि रु.५८४०२५.७६ को लागत अनुमान तयार गरी कोटेशन बिधीबाट खरिद गरेको छ । पालिकाले रु.५७८७२५.०६ मा निर्माण कार्य सम्पन्न गर्न निर्माण व्यवसायी कुन्दन कन्स्ट्रक्सनसँग सम्झौता गरेकोमा सो कार्यको मुल्यांकन रु.५१२२५४.६८ गरेको देखिन्छ। पालिकाले यस्तो कार्यको भुक्तानी गो.भौ.नं.३६/०८०-१०-८ बाट रु.५९२२५४।- भुक्तानी गरेको छ। निर्माण व्यवसायीले जारी गरेको कर विजक नं.०४/०८०-३-२२ रु.५१२२५४.६८ को भुक्तानी पालिकाले बढी रु.७९९९९.३२ गरेकोले यस्तो बढी भुक्तानी कुन्दन कन्स्ट्रक्सनवाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ७९,९९९.३२ |
|---|---|

१६ **कालिप्रसाद लाखे मा.वि. मा पोशाक वितरण-**

गो भौ नं. ३०४, २०८०/११/१३ बाट कालिप्रसाद लाखे मा.वि. का ११ र १२ कक्षाका ४० जना छात्र/छात्रालाइ सर्ट पाइन्ट र कोट खरिद गरी वितरण गर्ने कार्यमा रु.४००००० भुक्तानी भएको छ। एक जना छात्र/छात्रा लाइ कोट र पाइन्टको लागि औषत कपडा ३ मीटर र सर्टिङ्गको लागि २ मीटर राख्दा सुटिङ्गको लागि ४० जनालाइ १२० मी र सटिङ्गको लागि ४० जनालाइ ८० मी कपडा भए पुग्नेमा उक्त मा.वि. ले सुटिङ्गको लागि २४२ मीटर र सटिङ्गको लागि ५१५ मीटर कपडा खरिद गरेको देखिन्छ।सुटिङ्गको कपडाको प्रति मिटर रु ५५० र सटिङ्गको प्रति मिटर २६० का दरले खरिद गरेकोमा तपसिल बमोजिमको रु १७५८५० बढी रकम खर्च लेखेको देखिन्छ।बास्तविक लाग्ने भन्दा बढी हुने गरी विल पेश गरी भुक्तानी लिएको असुल हुनपर्ने रकम रु.

| कपडाकोप्रकार | खरिद भएको | खरिदहुनुपर्ने | बढी कपडा | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| सुटिङ्गको कपडा | २४२ | १२० | १२२ | ५५० | ६७१०० |
| सटिङ्गको कपडा | ५१५ | ८० | ४३५ | २५० | १०८७५० |
| जम्मा | | | | | १७५८५० |

| असुल गर्नुपर्ने | १,७५,८५० |
|---|---|

१७ **दोहोरो भुक्तानी-**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाका सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन को दफा १४ मा ऐन ले निर्धारण गरेको भन्दा बाहेक अन्य सुविधा नपाउने ब्यवस्था छ। उक्त ऐनले पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिम नबढ्ने गरी र दोहोरो नपर्ने गरी यातायात सुविधा, अतिथि सत्कार सुबिधा, सञ्चार सुविधा, बैठक भत्ता, अनुगमन भत्ता, दैनिक भ्रमण भत्ता तथा अन्य एक पटक अनुसूची बमोजिम चाडपर्व खर्च उपलब्ध गराउने ब्यवस्था गरेको छ।यातायात सुविधा लिएका पदाधिकारीले ईन्धन र सवारीसाधन बापत सुविधा नपाउने ब्यवस्था विपरित पालिकाका तपसिलमा उल्लेख भएबमोजिम वडा अध्यक्षहरुले मासिक यातायात भत्ता भुक्तानी लिए पछि पनि पुन: ईन्धन बापतको रु ७०६७५ भुक्तानी लिएको पाइयो।कानुन विपरित लिएको भुक्तानी असुल हुनुपर्ने रु.

| गो भौ न मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३०९-२०८०/११/२३ | विभिन्न मितिमा जनप्रतिनिधीहरुलाइ दिएको इन्धन सुविधा | बन्धु साह तेली | १४१३५ |
| | | देवेन्द्र प्रसाद कुर्मी | १४१३५ |
| | | राजकिशोर प्रसाद कुर्मी | १४१३५ |
| | | अबास मिया चुरिहार | १४१३५ |
| | | मनौवर अहमद | १४१३५ |
| जम्मा | | | ७०६७५ |

| असुल गर्नुपर्ने | ७०,६७५ |
|---|---|

१८ **अनुगमन, मूल्यांकन र भ्रमण खर्च:**

१८.१ **योजना अनुगमन भत्ता (कर्मचारी स्तरीय) -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (४) (ख) मा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने काम कर्तव्य र अधिकार उपाध्यक्षलाई दिएको छ । ऐनमा भएको व्यवस्था अनुसार योजना तथा कार्यक्रमहरुको अनुगमन गर्ने अधिकार उपाध्यक्षको संयोजकत्वमा भएको अनुगमन समितिलाई मात्र दिएको छ। साथै वडा अध्यक्षहरुको काम कर्तब्य र अधिकारमा वडामा भएको आयोजनाको कार्यान्वियनको अनुगमन, आवध्यिक समिक्षा गर्ने गराउने उल्लेख छ तर कर्मचारीले अनुगमन गर्ने र सो वापत छुट्टै सुविधा दिने कानूनी ब्यवस्था छैन।योजना अनुगमन बापत वडा र नगर स्तरीय योजना अनुगमन बापत बर्षको ३६ वटा अनुगमन भत्ता पदाधिकारीहरुलाई भुक्तानी दिइसके पछि पनि विभिन्न ४ वटा गोश्वारा भौचरबाट कर्मचारीलाई रु. ५५२१६० अनुगमन भत्ता भुक्तानी भएको देखिन्छ। कर्मचारीलाई अनुगमन भत्ता भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१८.२ **सरुवा भ्रमण खर्च-**

भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ।ईलाका प्रशासन कार्यालय सिम्रौनगढ बाराबाट धोबीनी गाउँपालिकामा सरुवा भइ आउँदा प्रमूख प्रशासकीय अधिकृत प्रमोद कुमार साहले तपसिलमा उल्लेख भए बमोजिम भ्रमण भत्ता र २.५ दिनको दैनिक भ्रमण भत्ता बापत आफु सहित ५ जनाको रु ३६००० भत्ता लिएको पाइयो।सिम्रौनगढबाट लंगडी सम्मको दुरी ५५ किलोमिटर रहेको र गाडीबाट यात्रा गर्दा ३ घण्टाको बाटो रहेको गुगल म्यापबाट देखिन्छ। एक दिनमा पुग्न सकिने ठाउँमा तीन दिन लागेको देखाएर निजले रु १८५०० बढी भुक्तानी लिएको पाइयो। भ्रमण खर्च नियमावलीले दिएको भन्दा बढी सुविधा लिएको असुल हुनुपर्ने रकम रु

| गोभौ न मिति | कार्य विवरण | भुक्तानी पाउने | भ्रमण गर्ने | लागेको दिन | दिन | जना | दै भ्र भ दर | फुटकर | भ्रमण खर्च | भुक्तानी लिएको |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १२९-२०८०/०७/२३ | सरुवाभ्रमण भत्ता प्रमूख प्रशासकीय अधिकृत प्रमोद कुमार साह | प्रमोदकुमार साह | **प्रमूखप्रशासकीय अधिकृत प्रमोद कुमार साह** | **२०८०/०७/१८सिम्रौन गढबाट कलैया** | १ | ५ | १६०० | २००० | ७५०० | १७५०० |
| | | | **आमा फूल कुमारी देवी** | **२०८०/०७/१९ कलैया बाट बिरगञ्ज** | १ | ५ | १६०० | ० | ५००० | १३००० |
| | | | **पत्नी गुडीया कुमारी** | **२०८०/०७/२० बिरगञ्ज बाट धोबीनी लंगडी** | ० | १ | १६०० | ० | ५१०० | ५५०० |
| | | | | | | | | | | ३६००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,५०० |

## १९ विविध खर्च-

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष विविध खर्च वापत रु. २८ लाख ३१ हजार ८९३ खर्च गरेको छ । विभिन्न समयमा खाना खाजामा खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन ।विविध खर्चबाट खाजा खानाका साथै सानातिना कार्यालय सम्बन्धी खर्च, खेलकुद प्रतियोगिताका लागि आर्थिक सहयोग लगायतका भुक्तानी दिइएको छ। विविध खर्चको उद्वेश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च गर्नुपर्दछ ।केहि उदाहरण:

| मिति | कामकोविवरण | भुक्तानीपाउने | खर्च | कैफियत |
|---|---|---|---|---|
| १६४-२०८०/०५/०७ | विभिन्नस्थान र मितिमा बैठक बापतको खाजा खाना | प्रदीप प्रसाद कुर्मी | १७२०८० | बैठक माइन्युट नभएको |
| ६५-२०८०/०६/२७ | विभिन्नस्थान र मितिमा बैठक बापतको खाजा खाना | दाजुभाइ मिष्ठान्न भण्डार | ३१२१९ | पुष्ट्याइ नभएको |
| ७२-२०८०/०६/२८ | विभिन्नस्थान र मितिमा बैठक बापतको खाजा खाना | दाजुभाइ मिष्ठान्न भण्डार | ३६८९५ | पुष्ट्याइ नभएको |
| १००-२०८०/०७/०२ | खाजा खानाभुक्तानी | क्षीर सागर स्वीट्स | ५७६२२ | पुष्ट्याइ नभएको |
| १९४-२०८०/०९/२८ | खाजा खाना भुक्तानी | प्रदीप प्रसाद कुर्मी | १९२०७ | पुष्ट्याइ नभएको |
| | | होटल सगुन | ३८४१५ | पुष्ट्याइ नभएको |
| २२१-२०८०/१०/१५ | खाजा खाना भुक्तानी | साह पसल | ७६८३० | पुष्ट्याइ नभएको |
| २७०-२०८०/११/०१ | खेलकुद प्रतियोगिताका लागि खेलाडीलाई प्रवेश शुल्क बापत भुक्तानी | विवेक चौहान | १०००० | निवेदनका आधारमा |
| जम्मा | | | ४४२२६८ | |

## २० वितरणमुखी खर्च-

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणका क्रममा नमूना छनौटगरी श्रेस्ता परीक्षण गर्दा पालिकाले पालिका स्तर र

वडा स्तरबाट बजेटको ब्यवस्था गरी रु. ४७१०९५९ को सिरक, कम्बल, झुल, स्प्रे ट्याङ्की खाद्यान्न लगायतका सामाग्री खरिद गरी वितरण गरेको देखियो। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । साथै उक्त सामाग्री सम्वन्धित लाभग्राहीले बुझेको भरपाईमा लाभग्राहीको परिचयपत्र तथा सम्पर्क नम्वर संलग्न राखेको देखिएन। पालिकाले राहत सामग्री वितरण गर्दा आवश्यकतामा आधारित भइ स्पष्ट कार्यविधी अपनाई लाभग्राहीको परिचय पत्र नम्वर तथा सम्पर्क नम्वर खुल्ने कागजात लगायत वितरणको भरपाई संलग्न राखी वितरणलाइ ब्यवस्थित र प्रभावकारी बनाउनु पर्दछ।

| मिति | कामको विवरण | भुक्तानी पाउने | खर्च |
|---|---|---|---|
| १९७- २०८०/१०/०३ | धोबीनी गा पा वडा न ३ ठूलो गुलरीयामा ग्यास सिलिण्डर वितरण | पि प्रजापति सप्लायर्स | ९९७२३० |
| २९०- २०८०/११/०८ | धोबीनी गा पा वडा न १ र २ मा स्प्रे ट्याङ्की वितरण | आयुष विज ट्रेडर्स | ४९९२०० |
| २९१- २०८०/११/०८ | विरुवा वितरण | किसु फलफुल नर्सरी बागवानी फर्म | ४९८२०० |
| ३१६- २०८०/११/१५ | वडा न ४ मा वडा स्तरीय स्प्रे ट्याङ्की वितरण | दिल्ली ट्रेडिङ्ग ६०८१६९६९५ | १४८६३० |
| ३८०- २०८०/१२/०६ | विभिन्न मन्दिर तथा मदर्सामा प्लाष्टिकको कुर्सी वितरण | निलम फर्निचर उध्योग | ३८९८५० |
| ४०३- २०८०/१२/२४ | वडा न २ मा स्प्रे ट्याङ्की वितरण | यु एण्ड जी ट्रेडर्स ६१६७९३४११ | ६९४९५० |
| ४६४- २०८१/१/१७ | वडा न ३ मा स्प्रे ट्याङ्की वितरण | दिल्ली ट्रेडिङ्ग ६०८१६९६९५ | ९६०५० |
| ४८९- २०८१/१/२४ | उपाध्यक्ष स्तरीय स्प्रे ट्याङ्की वितरण | दिल्ली ट्रेडिङ्ग ६०८१६९६९५ | ४९६७४८ |
| ५०३- २०८१/१/२५ | खेलकुद सामग्री वितरण | श्री वि आर नशनल सप्लायर्स | १९४०२१ |
| ५९४- २०८१/०३/०१ | वडा स्तरीय योजना स्प्रे ट्याङ्की वितरण | सुमित एण्ड सुनिता सप्लायर्स | ६९६०८० |
| जम्मा | | | ४७१०९५९ |

२१ **खर्चको पुष्ट्याई-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र सोही नियमावलीको ३९(१०) मा खर्चको भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था गरेको छ। तर पालिकाले भौ.नं. ४४३, मिति २०८१/१/१६ बाट गाउँ शिक्षा समितिको १० वटा बैठकको भत्ता बापत रु. ४४६२५ भुक्तानी गरेको छ। शिक्षा समितिको संयोजक मदन प्रसाद चौहान ५ वटा मात्र बैठकमा उपस्थिति भएको र निजले ५ वटा मात्र बैठकको भुक्तानी लिएको देखिन्छ तर बाँकी सदस्यलाई १० वटा बैठकको भत्ता भुक्तानी गरेको छ। वास्तविक भन्दा वढी बैठकको भुक्तानी गरेको असुल हुनुपर्ने रु.

| मिति | कामको विवरण | भुक्तानी पाउने | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|
| ४४३- २०८१/१/१६ | गाउ शिक्षा समितिको बैठक | प्रमोद कुमार साह | ६३७५ | १० बटा बैठक मध्ये ५ वटाको माइन्युट नभएको |
| | | बृजकिशोर त्रिपाठी | ६३७५ | १० बटा बैठक मध्ये ५ वटाको माइन्युट नभएको |
| | | धनन्जय दास | ६३७५ | १० बटा बैठक मध्य ५ वटाको माइन्युट नभएको |
| जम्मा | | | १९१२५ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,१२५ |

२२ **फोटोकपी बिल -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले तपसिलमा उल्लिखित गोश्वारा भौचरहरुबाट फोटोकपी विल संलग्न राखी रु.२४९६०० भुक्तानी गरेको छ । उक्त फर्महरुले फोटोकपी बिल पेश गरेकोले सक्कल बिल पेश हुनुपर्ने रु.

| मिति | कामकोविवरण | भुक्तानीपाउने | खर्च | |
|---|---|---|---|---|
| २७-२०८०/०६/१२ | पत्रपत्रिका तथा सुचना प्रकाशन बापत गत आ व को भुक्तानी | सर्वराष्ट्रिय दैनिक | १३४४०० | फोटोकपी विल (विल न ७४१ र७४४र७४६) |
| ३३-२०८०/०६/१५ | पत्रपत्रिका तथा सुचना प्रकाशन बापत गत आ व को भुक्तानी | सर्वराष्ट्रिय दैनिक | ११५२०० | फोटोकपी विल (विल न ७४३ र७४२) |
| जम्मा | | | २४९६०० | |

| प्रमाण पेश नगरेको | २,४९,६०० |
|---|---|

२३ **भौचर उपलब्ध नभएको-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ४४९ नम्बरको गोश्वारा भौचरबाट रु ११९०७०० खर्च लेखेकोमा सो को कुनै पनि प्रमाण कागजात प्राप्त हुन सकेन । सम्बन्धित खर्च पुष्टी हुने गोश्वारा भौचर र उक्त कारोबारको बिल भरपाइ लगायत आवश्यक कागजात पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.

| प्रमाण पेश नगरेको | ११,९०,७०० |
|---|---|

२४ **शिर्षक फरक पारी खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१(क) मा विभिन्न शिर्षक तथा कार्यमा स्वीकृत भएको रकम सो शिर्षक तथा कार्यको लागि मात्र खर्च गर्नुपर्न व्यवस्था रहेको छ।पालिकाले गाउँ सभाबाट स्वीकृत भएको बजेट शीर्षक भित्र रही तोकिएको कार्यक्रममा खर्च गर्नु पर्दछ। सभाबाट स्वीकृत भएका केही कार्यक्रममा देहायका बजेट शीर्षकमा खर्च नगरी अन्य शीर्षकमा खर्च गरेको छ। यसरी तोकिएको शीर्षकमा खर्च नगरी फरक प्रयोजनमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्दै निम्नानुसार गरिएको खर्च गर्नुपर्नेमा नगरी अनियमित खर्च गरेको रु....

| गो भौ नमिति | कारोबारको विवरण | खर्च लेखेकोशिर्षक | हुनुपर्ने शिर्षक | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|---|
| ३३९-२०८०/११/२४ | नाला खन्ने कार्य | स्प्रेटंङ्की तथा लामखुट्टे मार्ने औषधि खरिदर जनशक्ति ब्यवस्थापन वडा भरी सरसफाइ प्रयोजन | फोहोरमैला ब्यवस्थानपन | मनौवरअहमद | १४८५०० |
| ७३१-२०८१/३/२४ | सुचनाप्रकाशन | आर्थिकसहायता | पत्रपत्रिका तथा सूचना प्रकाशन | सृजना इन्टरनेशनल मिडिया प्रा लि | २७८७५ |
| ७३२-२०८१/३/२४ | सुचना प्रकाशन | आर्थिक सहायता | पत्रपत्रिका तथा सूचना प्रकाशन | एवन टेलिभिजन | ९८५० |
| | | | | पर्सा मिडिया हाउस प्रा लि | ९८५० |
| ७४५-२०८१/३/२४ | भ्रमण खर्च | विविध खर्च | अनुगमनमूल्याङ्कन खर्च | कार्यपालिका सदस्य रिनादेवी | ९००० |
| जम्मा | | | | | २०५०७५ |

| अनियमित भएको | २,०५,०७५ |
|---|---|

२५ **श्रेस्ता पेश नभएको-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा गो भौ न ७६८ मिति२०८१/३/३१ मा जिन्सी प्रमूख प्रदीप प्रसाद कुर्मीको गत आ.व. को पेश्की फर्स्यौट गरेको रु. ३३०००० को खर्चको गोश्वारा भौचर मात्र पेश गरेको छ । सम्बन्धित खर्च पुष्टी हुने बिल भरपाइ लगायत आवश्यक कागजात पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३०,००० |

२६ **गैर सरकारी संस्थासँग कार्य-**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण सबलीकरण, मूलप्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ। स्थानीय स्तरमा सञ्चालन हुने तालिमका लागि संघ र प्रदेश सरकारद्वारा जारी भएको मापदण्ड विपरित नहुनेगरी मापदण्ड बनाएर गर्नुपर्ने वा प्रदेश खर्च मापदण्ड निर्देशिका, बमोजिम तोकिएको दरमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्नानुसारका तालिम तथा कार्यक्रम गैर सरकारी संस्थाबाट गराउँदा मधेश प्रदेश सरकारद्वारा जारी भएको प्रदेश खर्च मापदण्ड, २०७७ ले विभिन्न तालिम, गोष्ठी, सेमिनारको लागि निर्धारण गरेको नर्म्स भन्दा पनि बढी हुनेगरी तपसिलमा उल्लेखित कृयाकलापमा रु. ३२८,८९५ बढी खर्च लेखेको देखिन्छ ।यसरी प्रदेश खर्च मापदण्डले निर्धारण गरेको नर्म्स विपरित खर्च लेखेको असुल हुनुपर्ने रु.

| भौ. नं./मिति | भुक्तानी पाउने | कार्यक्रम | नर्म्स | भुक्तानीहुनुपर्ने | भुक्तानी भएको | बढी भूक्तानी |
|---|---|---|---|---|---|---|
| ९२-२०८0/०६/३0 | ग्लोबल एग्रिकल्चर एण्डस्किल डेभलप्मेण्ट प्रा लि | लागु पदार्थ दुर्व्यशनविरुद्ध सडक नाटक कार्यक्रम ५ दिन | अनुगमन भत्ता :अनुगमन गरेको भत्ता बुझेको भरपाइ छैन तर कन्सल्टेन्सीलाइ भुक्तानी दिएकोछ | ० | ५,००० | ४,२५० |
| | | | ब्यानर : पाँच वटा ब्यान र प्रयोग भएकोमा १ मा प्रयोग गरी बाँकी ठाउमा मेटेर पुन प्रयोग गरेको देखिएको | १००० | ५,००० | ३,९४० |
| ९३-२०८०/०६/३० | बिन्दवासिनी डेभलमेण्ट एण्ड स्किल प्रा लि ६०६८५७५३० | सरसफाइ तथा खुला क्षेत्रमा दिसा पिसाव गर्ने विरुद्ध चनचेतनामूलक सडक नाटक | संयोजक ४०० | २,००० | ५,००० | २,५५० |
| | | | अनुगमन भत्ता :अनुगमन गरेको भत्ता बुझेको भरपाइ छैन तर कन्सल्टेन्सी लाइ भुक्तानी दिएकोछ | 0 | ५००० | ४,२५० |
| | | | प्रतिवेदन २००० | २,००० | १०,००० | ६,८०० |
| | | | विविध ३००० | ३,००० | १५,५०० | १२,५०० |
| ३७१-२०८०/१२/०६ | शिवु डेभलपमेन्ट एण्ड ट्रेनिङ्ग सेन्टर प्रा लि | विध्यालय स्तरीय किशोर किशोरीलाइ जीवन उपयोगी तालिम | संयोजक ४०० | २,००० | ५,००० | २,५५० |
| | | | अनुगमन भत्ता :अनुगमन गरेको भत्ता बुझेको भरपाइ छैन तर कन्सल्टेन्सी लाइ भुक्तानी दिएकोछ | 0 | १५००० | १२,७५० |
| | | | प्रतिवेदन २००० | २,००० | ६,००० | ३,४०० |
| | | | प्रोजेक्टर र साउण्ड ; प्रोजेक्टर नभएको | २०,००० | ५,००० | १३,५०० |
| ४५७-२०८१/१/१७ | ग्रामिण प्रविधि केन्द्र प्रा लि | मैन बत्ति बनाउने तालिम | संयोजक ४०० | २,८०० | ७,००० | ३,५७० |
| | | | कार्यक्रम सह संयोजक: संयोजक सह संयोजकको ब्यवस्था नभएको | ० | ८,४०० | ७,१४० |
| | | | विविध ३००० | ३,००० | ९,६४५ | ६,६४५ |
| ४५७-२०८१/१/१७ | ग्रामिण प्रविधि केन्द्रप्रा लि | महिला हिंसा तालिम | संयोजक ४०० | १,६०० | ४,००० | २,०४० |
| | | | कार्यक्रम सह संयोजक: संयोजक सह संयोजकको ब्यवस्था नभएको | ० | २,८०० | २,३८० |
| | | | विविध ३००० | ३,००० | ५,६०० | २,६०० |
| ४७१-२०८१/१/१८ | क्वालिटी ब्यवसायिक सिपप्रालि | महिला स्वरोजगार तालिमब्युटिसियन | संयोजक ४०० | १८,००० | ४५,००० | २२,९५० |
| | | | प्रतिवेदन २००० | २,००० | १३,००० | ९,३५० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४९२-२०८१/१/२५ | सारधा डेभलपमेन्ट एण्डस्कील प्रा लि | सिपमुलक तालिम सरफबनाउने | संयोजक ४०० | २,८०० | ७,००० | ३,५७० |
| | | | अनुगमन ; अनुगमन गरेको भनि गो भौ न ४९३ बाट छुट्टै भुक्तानी लिएको छ | ० | १२,००० | १०,२०० |
| | | | प्रतिवेदन २००० | २,००० | ८,००० | ५,१०० |
| | | | विविध ३००० | ३,००० | ७,००० | ४,००० |
| ५२२-२०८१/२/७ | स्किल्स फर युथप्रा लि | अगरबत्ती बनाउने शिपमुलक तालिम | संयोजक ४०० | २,००० | ५,००० | २,५५० |
| ५६६-२०८१/०२/२८ | शिवु डेभलपमेन्ट एण्डट्रेनिङ्ग सेन्टर प्रालि | किशोर किशोरीका लागि जिवनउपयोगी सिपमुलक तालिम | संयोजक ४०० | २,००० | ५,००० | २,५५० |
| | | | प्रतिवेदन २००० | २,००० | ४,००० | १,७०० |
| | | | प्रोजेक्टर; फोटोमा छैन | ० | १२,५०० | १२,५०० |
| ५६८-२०८१/२/२८ | सारधा डेभलपमेन्ट एण्ड स्कील प्रा लि | वडा न २ मा प्रजनन सम्बन्धी तालिम | संयोजक ४०० | २,८०० | ७,००० | ३,५७० |
| | | | अनुगमन ; अनुगमन गरेको भनि गो भौ न ४९३ बाट छुट्टै भुक्तानी लिएको छ | ० | १५,००० | १२,७५० |
| | | | प्रतिवेदन २००० | २,००० | ६,००० | ३,४०० |
| | | | प्रोजेक्टर; फोटोमा छैन | | १०,००० | १०,००० |
| ५७०-२०८१/२/२८ | क्वालिटी ब्यवसायिक सिपप्रालि | बाल संरक्षण तथा लैंङ्गिक हिंसा सम्बन्धी तालिम | संयोजक ४०० | २,००० | ५,००० | २,५५० |
| | | | प्रतिवेदन २००० | २,००० | ५,००० | २,५५० |
| | | | प्रोजेक्टर; फोटोमा छैन | | १०,००० | १०,००० |
| ६३२-२०८१/३/१० | सौन्दर्य डेभलपमेण्ट एण्ड स्किल प्रा लि | वडा न ४बेमौसमी तरकारी खेती सम्बन्धी तालिम | संयोजक ४०० | ६,००० | १५,००० | ७,६५० |
| | | | प्रतिवेदन २००० | २,००० | १०,००० | ६,८०० |
| ६४२-२०८१/३/११ | स्वरोजगार ब्यावसायिक तालिम केन्द्र | वडा न १ मा ब्युटिसियन तालिम | संयोजक ४०० | ६,००० | ३०,००० | २०,४०० |
| | | | अनुगमन ; अनुगमन गरेको भनि गो भौ न ४९३ बाटछुट्टै भुक्तानी लिएको छ | ० | १५,००० | १२,७५० |
| | | | प्रतिवेदन २००० | २,००० | ९,००० | ५,९५० |
| | | | विविध ३००० | ३,००० | ६,७५० | ३,७५० |
| ६७३-२०८१/३/१७ | जन कल्याण डेभलप्मेन्टएण्ड एग्रिकल्चर प्रा लि | वडा न ४ मा सर्फ बनाउने तालिम समूह क | संयोजक ४०० | २,८०० | १०,५०० | ६,५४५ |
| | | | सह संयोजन; ब्यवस्था नभएको | ० | ७,००० | ५,९५० |
| | | | ब्यवस्थापक खर्च: ब्यवस्था नभएको | | ७,००० | ७,००० |
| | | | प्रतिवेदन २००० | २,००० | ६,००० | ३,४०० |
| | | | विविध ३००० | ३,००० | ७,००० | ४,००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६७३-२०८१/३/१७ | जन कल्याण डेभलप्मेन्टएण्ड एग्रिकल्चर प्रा लि | वडा न ४ मा सर्फ बनाउने तालिम समूह ख | संयोजक ४०० | २,८०० | १०,५०० | ६,५४५ |
| | | | सह संयोजक; व्यवस्था नभएको | ० | ७,००० | ५,९५० |
| | | | ब्यवस्थापक खर्च: ब्यवस्था नभएको | | ७,००० | ७,००० |
| | | | प्रतिवेदन २००० | २,००० | ६,००० | ३,४०० |
| | | | विविध ३००० | ३,००० | ७,००० | ४,००० |
| ६८८-२०८१/३/१८ | श्रेया स्किल एण्ड क्षमता विकास प्रा लि | वडा न १ स्तरीयकृषि सम्बन्धि जनचेतनामूलक तालिम | संयोजक ४०० | ६,००० | १५,००० | ७,६५० |
| जम्मा | | | | | | ३२८,८९५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२८,८९५ |

२७ **जिन्सी लगत कट्टाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस वर्ष देहायअनुसारको मालसामान, ईलेक्ट्रोनिक्स डिभाईस कार्यालय प्रयोजनको लागि खरिद गरी भुक्तानी गरेको र सोको दाखिलासँगसँगै कार्यालयको कर्मचारीकै नाममा हस्तान्तरण/खर्च निकासा जनाई PAMS बाट जिन्सी लगत कट्टा समेत गरेको देखियो । यसरी पालिकाको जिन्सी लगत कट्टा गरी कर्मचारी पदाधीकारीलाई हस्तान्तरण गरेकोले यस्तो जिन्सी मालसामान PAMS जिन्सी दाखिला गरी पालिकाले आफ्नो स्वामित्वमा सम्पती संरक्षण गर्नु पर्ने देखिन्छ । तसर्थ PAMS मा दाखिला गरी दाखिला प्रतिबेदन पेश गर्नुपर्ने रु.

| सामानको विवरण | गो.भौ./मिति | रकम | दाखिला | हस्तान्तरण/खर्च निकासा | बुझिलिएको कर्मचारी/पदाधीकारी |
|---|---|---|---|---|---|
| Vivo V30 Mobile | ९/०८१-६-१६ | ६१००० | १८६/०८१-३-१४ | १३/०८१-३-१७ | स्वास्थ्य शाखा प्रमुख श्री संजय कुमार यादब |
| Real me 12 Pro+ | १३/०८१-३-२३ | ५७१२० | १९९/०८१-३-१८ | १५/०८१-४-६ | रोजगार शाखा प्रमुख श्री दिलिप कुमार पटेल |
| AC 1.5 Ton | २४५/०८१-३-१४ | ९७६३१ | १५२/०८१-२-१४ | ९२/०८१-२-१४ | गा.पा.कै नाम राखी खर्च जनाएको |
| | जम्मा | २१५७५१ | | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१५,७५१ |

२८ **कर बिजक बिना भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष देहायअनुसारको मालसामानको भुक्तानी बिल/बिजक बेगर गरेको देखियो । तसर्थ सक्कल बिल/बिजक पेश गर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| गो.भौ./मिति | भुक्तानी प्राप्त गर्ने | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १५/०८१-३-२४ | रुहि ट्रेड एण्ड सप्लायर्स | Dell i5 3511 Laptop | ७०००३ |
| १५०/०८१-१-१५ | क्रियटिभ आई.टि.सेन्टर | ल्यापटप २ थान | १३९४९९ |
| १९४/०८१-२-३१ | सँगम मोबाईल सेन्टर | मोबाईल | ३११५६ |
| ३६१/०८१-३-२४ | पुनम ट्रेड सप्लायर्स | steel rack ७ थान | ९४९२० |
| | | | ३३५५७८ |

| प्रमाण पेश नगरेको | ३,३५,५७८ |
|---|---|

२९ **रितपूर्बकको कर बिजक** –

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु.४६५६६ समेत रु.७९६५२७ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| गोभौनं./मिति | योजनाको नाम | भुक्तानी पाउनेको नाम | कर विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| ४/०८१-३-२४ | सोलार ब्याकप सिस्टम जडान | C.P.International Power & Investment Company P.Ltd. | भ्याट रकम केरमेट | ७९६५२७ | ४६५६६ |

| प्रमाण पेश नगरेको | ४६,५६६ |
|---|---|

३० **परामर्स तथा डिपिआर खर्च** –

परामर्श सेवा लिदा सम्बन्धित निकायका नर्म्स अनुसार लागत अनुमान स्वीकृत गरी कार्यक्षेत्रगत सेवाका शर्त **(TOR )** तयार गरी सार्वजनिक खरिद ऐन २०६३ र नियमाली २०६४ बमोजिम कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डी.पी.आर. लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| गो भौ न मिति | **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **खर्च रकम** | **अध्ययनबाटनिर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|---|
| ११२-२०८०/ ०७/ ०३ | **गाउँकार्यपालिकाको विस्तृत कार्य बिवरण र प्रमूख प्रशासकीय अधिकृतको कार्यसम्पादनमापदण्ड** | समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा लि | २९४३५५ | २८८१५० | प्रतिवेदनकार्यान्वयनमा लगिएकोछैन |
| ११२-२०८०/ ०७/ ०३ | **दीगोविकास लक्ष्य को आन्तरीकीकरण तथा स्थानीयकरण सम्बन्धी दिग्दर्शन तयारी** | समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा लि | ४९८३३० | ४९१५५० | प्रतिवेदनकार्यान्वयनमा लगिएकोछैन |
| जम्मा | | | ४९८३३० | ४९१५५० | |

परामर्श सेवा खरिद गर्नुपूर्व पालिकामा मौजुदा जनशक्तिले सो कार्य गर्नसक्ने भए सोही जनशक्तिको प्रयोग गर्नुपर्दछ।त्यस्तो जनशक्तिले गर्न सक्ने वा नसक्ने सम्बन्धमा कुनै किसिमकोअध्ययन गरिएको देखिएन।यससंग सम्वन्धित देहायका व्यहोरा देखिएका छन:

३०.१

**पेशागत दायित्वको बीमा नगरेकोः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ को ४ (क) मा खरिद परामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम व्यहोर्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेसनल ल्याबिलिटी ईनस्योरेन्स) पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आ.व. मा परामर्श सेवाका लागि सम्झौता गरी भुक्तानी गरेको कुनैपनि परामर्शदाताको पेशागत दायित्व बीमा गरेको देखिएन। पालिकाले खरिद कानुनको पालना गरेर मात्र खरिद कार्य गर्नुपर्दछ ।

३०.२ **सोधभर्ना हुने रकमः** Bill of Quantity को section B मा ( L.S. item )reimbursable activity भित्रको सोधभर्ना हुने खर्चको विल पेश गरि सोध भर्ना लिनुपर्नेमा विल पेश गर्ने गरेको देखिएन। सोधभर्ना हुने रकम को बील पेश गरि खर्च गर्नुपर्छ।

३०.३ **प्रतिबेदन कार्यान्वयनः** सेवाबाट प्राप्त प्रतिवेदन कार्यान्वयनमा लगी परामर्श सेवा लिनुको उदेश्य प्राप्त गर्नुपर्नेमा पालिकाले यस आ.व. मा लिएको परामर्श सेवाको प्रतिवेदन कार्यान्वियन गएको देखिएन। प्रतिवेदन कार्यान्वयनमा यथाशीघ्र लानु पर्दछ।

३१ **पाठ्यपुस्तकः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा विद्यालयलाई पाठ्यपुस्तक वापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिनेऽ यसरी अनुदान दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण,पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हने रकम मात्र थप २५ प्रतिशत अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको शुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलव्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। पालिका अन्तर्गतका १७ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको ७५प्रतिशत रकम रु २३१७१३७ निकासा गरेको पाइयो।उक्त ७५ प्रतिशत रकमले विद्यार्थीलाई पाठ्यपुस्तक पुगे नपुगेको तथा विद्यार्थीले समयमै पाठ्यपुस्तक पाए नपाएको सम्वन्धमा पालिकावाट अनुगमन गरी पुनः थप २५ रकम रु ७०५५७४ समेत जम्मा रु ३०२२७११ निकासा भएकोमा अनुगमन नगरेकोले निकासा भएको रकमको सही सदुपयोग भएको छ भन्ने अवस्था देखिएन।तसर्थ पालिकाले यस सम्वन्धमा अनुगमन गरी पाठ्यपुस्तक उपलव्धताको सुनिश्चितता गर्नु पर्दछ।

३२ **निकासा अभिलेख खाताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले विल भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले शिक्षकहरुको तलव निकासा गर्नु पूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु, दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा खाता खडा गरी राख्नु पर्नेमा सो गरेको देखिएन।यसवाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ।तसर्थ विद्यालयगत निकासा खाता राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ।

३३ **निःशुल्क शिक्षाः**

नेपालको संविधान २०७२ को अनसुचि ८ अनुसार आधारभूत माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सूचि अन्तर्गत रहेको देखिन्छ।अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन २०७५ को दफा २७ मा नीजि लगानीका विद्यालयले प्रारम्भिक वालविकास शिक्षादेखि १२ कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म,पाँचसय देखि आठ सय जनासम्म र आठ सय भन्दा वढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तिमा दश,वाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नु पर्ने व्यवस्था छ।शिक्षा नियमावली २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिव,अपांग,महिला,दलित र जनजाति विद्यार्थीलाई छात्रवृति उपलव्ध गराउनु पर्ने व्यवस्था छ।यसर्थ पालिकाले आफ्नो क्षेत्र भित्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृति कार्यक्रम कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी छात्रवृति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेभसाइटवाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

३४ **छात्रवृतिः**

१४४।२।२५ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ७.२.२.१ को दफा ४.२ मा IEMIS मा प्रविष्ट तथ्यांकहरुलाई सम्वन्धित विद्यालयवाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसंग सत्यापन गराइ शिक्षा अधिकृतवाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति रकम अनुदान दिने व्यवस्था छ।सो अनुसार छात्रा छात्रवृति कक्षा १–८ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी वार्षिक रु ४०० का दरले र दलित छात्रवृति प्रति विद्यार्थी वार्षिक ४०० का दरले दिनु पर्ने उल्लेख छ।तर पालिकाले ९ देखि १२ कक्षा सम्मका छात्रा तथा दलित छात्रलाई छात्रवृति रकम निकासा गरेको पाइयो ।तसर्थ कार्यान्वियन पुस्तिकाले निर्देश गरे विपरित देहायका छात्र छात्रालाई छात्रवृति रकम निकासा गरेको रकम रु १८९६०० सम्वन्धित विद्यालयवाट असुल गर्नु पर्ने रु

| क्र सं | विद्यालयको नाम | विद्यार्थी संख्या | दर | रकम |
|---|---|---|---|---|
| १ | श्री अजिजमिया माध्यमिक विद्यालय | १२९ | ४०० | ५१६०० |
| २ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय विखमपुर | ३४५ | ४०० | १३८००० |
| | | | जम्मा | १८९६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८९,६०० |

३५ **दिवा खाजाः**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार IEMIS मा भएको प्रारम्भिक वालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु १५ का दरले पहिलो त्रैमासिक वजेट निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिकदेखि विद्यालय पूरा समय चलेको दिन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले दिवा खाजा वापत गो भौ नं १४।२०८०।६।२० वाट रु २७५८५००, गो भौ नं ७२।२०८०।११।८ वाट रु १२६००००, गो भौ नं १०८।२०८१।१।२३ वाट रु १५८६४०० र गो भौ नं २२८।२०८१।३।१८ वाट रु ६४६८७५ समेत रु ६२५१७७५ निकासा गरेको छ।यसरी रकम निकासा गर्दा कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ ले तोकेको प्रक्रिया पूरा गरी खाजा उपलव्ध गराएका विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक हाजिरी विवरण प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या एकिन भएपछि मात्र अनुदान दिने र प्रत्येक पटक रकम निकासा गर्दा उक्त समय भन्दा अघि निकासा भएको रकम सदुपयोग भए नभएको सुनिश्चित गरी निकासा दिनु पर्ने तथा वालवालिकालाइ दिवा खाजा खुवाउदा स्थानीय कृषकसंग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण र विल भरपाइ विद्यालय व्यवस्थापन समिति र खाजा व्यवस्थापन उपसमितिवाट अनुमोदन गर्नु पर्नेमा सो भएको देखिएन साथै विद्यालयमा गुणस्तरीय दिवा खाजा कार्यक्रम संचालन भए नभएको विषयमा पालिकाले अनुगमन गर्नु पर्ने र सोमा केहि कैफियत देखिए समाधानको उपाय सहित राय सुझाउ सहितको प्रतिवेदन दिनु पर्नेमा सो भए गरेको देखिएन जसले गर्दा दिवा खाजा वापत खर्च भएको रकम सदुपयोग भएको सम्वन्धमा एकिन गर्न सकिएन ।

३६ **शिक्षकको अभिलेखः**

शिक्षा नियमावली २०५९ को परिच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा समन्वय अधिकारीको काम कर्तव्य र अधिकार सम्वन्धमा व्यवस्था गरिएको छ।जस अन्तर्गत वुंदा नं (झ) मा शिक्षा सेवा आयोगवाट नियुक्ति वा वढ्डुवाको लागि शिफारिस भै आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था रहेको छ।पालिकाले शिक्षकको दरवन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भइ आएका तथा गएका, सेवा निवृत भएका,विदामा रहेका ,नया नियुक्ति भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्वन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको वारेमा नियमावलीमा व्यवस्था भए वमोजिम अभिलेख तयार गरेको देखिएन।विद्यालय स्तरमा संचालन हुने कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलव भत्ता सम्वन्धी विवरण जिल्ला शिक्षा समन्वय इकाइवाट प्राप्त गरी सोही अनुसार खर्च लेख्नु पर्ने र विद्यालयवाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले त्रैमासिक तलव विवरण तयार गरी निकासा विवरण तयार गर्नु पर्ने र सोहि अनुसार निकासा दिनु पर्ने व्यवस्था छ।नियमावलीको उक्त व्यवस्था अनुसार

अभिलेख पेश नभएकोले पालिकावाट विद्यालयहरुलाई निकासा भएको शिक्षकको तलव,पाठ्यपुस्तक,छात्रवृति लगायत अन्य निकासाको यथार्थता एकिन गर्न सकिएन।

३७ **कृषि अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि, पशुपन्छी, वालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलव्ध गराउने कार्यक्रमवाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनको समेत स्रोत साधनको संलग्नतामा संचालन गर्न विभिन्न नीति, कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहवाट समेत तर्जुमा भएको देखिन्छ।सोहि वमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष धोविनी गाउँपालिकावाट रु ८०१४९७ खर्च भएको देखिन्छ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम पालिकाको वेभसाइटवाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।

| भौ नं मिति | अनुदानको किसिम | विवरण | रकम |
|---|---|---|---|
| २ ३०।३।१८ | धान वाली प्रवर्द्धन कार्यक्रम प्रागारिक मल वितरण | ७ ५ प्रतिशत अनुदान | १८०५७७ |
| २ ३१।३।१८ | धान वाली प्रवर्द्धन कार्यक्रम यू एस ३१२ धानको विउ | ५० प्रतिशत अनुदान | ४३०९२० |
| २ ३७ ।३।१ ९ | धान वाली कार्यक्रम माटो परीक्षण | पूरै अनुदान | १९०००० |
| | | जम्मा | ८०१४९७ |

३८ **शिक्षक नियुक्तिः**

अंग्रेजी गणित र विज्ञान विषयमा शिक्षण अनुदान अन्तर्गत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार कुनै पनि दरवन्दी वा राहत अनुदान नभएका गणित अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शुन्य दरवन्दी भएका विद्यालय मा वि तह (९ -१०)लाई न्यूनतम २ र १ दरवन्दी भएकालाई १ थप गरी २ शिक्षक वरावरको अनुदान र आधारभूत तह नि मा वि (६-८) लाई न्यूनतम १ शिक्षकको अनुदान निकासा उपलव्ध गराउने व्यवस्था छ।काली प्रसाद लाखे माध्यमिक विद्यालयलाई १ अंग्रेजी, अजिज मिया माध्यमिक विद्यलयलाई गणित १, ने रा मा वि विखमपुरलाई विज्ञान २ नियुक्त गरी रु १९२२४२७ अनुदान उपलव्ध गराएको छ।ती शिक्षकहरुको नियुक्ति पत्र तथा तलव वुझेको भरपाइ सहितका कागजातहरु स्रेस्तासाथ संलग्न गरेको देखिएन। तसर्थ उक्त प्रमाण कागजात संलग्न गरी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ।

३९ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ।यस कार्यक्रम व्यवस्थित रुपमा संचालन गर्नको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ तयार गरेको छ।यस कार्यक्रम अन्तर्गत पालिकाका ५ वडामा ३८ योजना संचालन गरी यस वर्ष सूचिकृत ८४७ मध्ये १२६ जनालाई औसत ४४ दिनले ५४७९ दिन रोजगारी उपलव्ध गराइ प्रति दिन ६८८ का दरले रु ३७६९५५२ श्रमिक ज्याला खर्च गरेको छ।पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्वन्धमा स्पष्ट हुन सकिएन।योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नु पर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भए पनि कामको दिगोपना तथा दिर्घकालिन रोजगारी सृजना भएको देखिदैन।योजना अनुगमन प्रतिवेदनमा गाँउपालिका स्तरीय अनुगमन समितिका पदाधिकारीहरुले दस्तखत गरेको तर निर्माण तथा कार्यको विवरण तथा प्रगति स्थितिवारे कैफियत उल्लेख गर्ने गरेको देखिएन। तसर्थ कार्यक्रम संचालन निर्देशिका वमोजिम व्यवस्थित तवरले कार्य संचालन गर्नु पर्दछ।

४० **गत वर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१३) मा गत वर्षको भुक्तानी दिन वाकी भएमा भुक्तानी दिन वाकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र कोष तथा लेखा नियन्त्रक कार्यालयवाट प्रमाणित गराइ भुक्तानी दिन सकिने व्यवस्था छ। स्वास्थ्य तर्फका १९ जना करार कर्मचारीहरुको गो भौ नं ३० मिति २०८०।७।२ वाट गत आर्थिक वर्षको असारको तलव रु ५२४०६० र गो भौ नं ५० मिति २०८०।९।२६ वाट २०७९ माघ फागुन चैत्रको रु १०१३२०० समेत रु १५३७२६० भुक्तानी दिन वाकीको विवरण प्रमाणित नगरी खर्च लेखेको छ।तसर्थ नियमावलीको प्रक्रिया पूरा गरेर मात्र भुक्तानी दिनु पर्दछ।

४१ **स्यानिटरी प्याडः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को वुंदा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै वुंदा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाले हलेसी जनरल सप्लायर्स ठिमी भक्तपुरवाट २३२०० प्याड प्रति व्याड रु ३७।५० भ्याट वाहेक ले खरिद गरी गो भौ नं १५ मिति २०८०।६।२० मा रु ९८३१०० भुक्तानी गरेको , वि आर नेशनल सप्लायर्स वीरगंजवाट गो भौ नं १०९ मिति २०८१।१।१४ वाट ८७०० थान प्याड रु ३७।५० भ्याट वाहेक का दरले रु ३६८६६२ भुक्तानी गरेको समेत रु १३५१७६२ खर्च लेखेको छ।पालिकाले कम मूल्यमा गुणस्तरीय स्यानीटरी प्याड खरिद गर्न ध्यान दिनु पर्दछ साथै खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखी छात्राहरुलाई वितरण गरेको भरपाई पेश गर्नु पर्दछ।

४२ **औषधी तथा सर्जिकल सामान खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बिस लाख रुपैयाँ सम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले विभिन्न प्रकारको औषधि तथा सर्जिकल सामान कोटेशनको माध्यमवाट खरिद गरी गो भौ नं ९।२०८०।६।१९ वाट रु१३३९७५२, गो भौ नं १२।२०८०।६।१९ वाट ४९९९०,गो भौ नं ११।२०८०।६।१९ वाट रु ४८८१४६,गो भौ नं २३।२०८०।६।२३ वाट रु ९९४००,गो भौ नं ११३।२०८१।१।२५ वाट रु ५९८४०,गो भौ नं १२४।२०८१।२।१७ वाट रु ९९६०९ र गो भौ नं १२६। २०८१।२।१७ वाट रु ९९६५० समेत रु २२३६३८७ भुक्तानी दिएको छ। यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छनः

· औषधी खरिद गर्दा आवश्यकता विष्लेषण गरेको र खरिद योजना बनाएको देखिएन। आवश्यकताको आधारमा परिमाण एकिन नगरी खरिद गर्दा अनावश्यक रुपमा मौज्दात रहने तथा सही समयमा उपयोग नहुने स्थिति तर्फ पालिकाको ध्यान जानु पर्दछ।

· पालिकाले खरिद गरेको औषधि elmis मा प्रविष्टि गरेको छैन्।औषधि वा औषधिजन्य सामग्रीको खरिद गर्दा अनिवार्य रुपमा elmis प्रविष्टि गर्नुपदर्छ ।

· आपूर्ति हुने औषधि WHO GMP सर्टिफाइड हुनुपर्ने व्यवस्था रहेकोमा औषधि खरिद गरेको कम्पनीको WHO GMP सर्टिफाइड पेश भएको छैन् ।तर्सथ, पालिकाले स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने औषधिजन्य वस्तुहरुको खरिद गर्दा गुणस्तरीयताको प्रमाणिकतालाई विशेष ध्यान दिनुपर्दछ।

· औषधिको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने र न्युनतम १८ महिना म्याद अवधि वाँकी रहनुपर्ने कानूनी व्यवस्था रहेकामा सोलाई ध्यान दिएको देखिएन। औषधीको आपूर्ति पछि भुक्तानी अघि गुणस्तर र स्पेशिफिकेसन अनुसारको सामान भए नभएको मूल्याङ्कन गरी सो को आधारमा भुक्तानी दिनु पर्नेमा सो भए गरेको देखिएन। यस्तो खरिद कार्यमा सुधार हुनुपर्दछ ।

· निःशुल्क वित्तरणको लागि भनी औषधीको प्रत्येक स्ट्रिपमा उल्लेख गरी कारोवार गरेको देखिएन। आपूर्ति भएका औषधी एवंम् सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/ नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको देखिएन।

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ।औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी मागको आधारमा स्वास्थ्य चौकीहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ।

४३ **राजश्व तथा आन्तरिक आय:**

४३.१ **आन्तरिक आय** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय (गत वर्षको अल्या सहित) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| १२८६८१८३७ | ८५५७०१५ | ७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४३.२ नगदी रसिद उपलब्ध नभएको: वडा नं. ३ को वडा सचिव प्रदिप प्रसाद कुर्मीले बुझिलिएको मालपोत नगदी रसिद ( रसिद नं. १२०१ देखी १२५०) लेखापरीक्षणका क्रममा उपलब्ध हुन सकेन।पालिकाले अनुगमन गरी उक्त नगदी रसिद बापत के कति रकम संकलन भएको हो यकिन गरी ब्याज सहित बैक दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने

| प्रमाण पेश नगरेको |
|---|

४३.३ **पोखरी ठेक्का-** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तिय असुली गर्ने अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्काको बक्यौता रकम समेत असुल गर्ने व्यवस्था छ । गाउँपालिकाले वडा नं. ५ मा रहेका पोखरी आर्थिक वर्ष २०७८/७९ देखि ५ वर्षका लागि बन्दोवस्त गरेको आन्तरिक आय पोखरी ठेक्कामा देहाय अनुसार ३ ठेकेदारबाट २०८० असार मसान्त सम्म वुझाई सक्नु पर्ने किस्ता रकम रु ५६५९२०० असुल गर्न बाँकी रहेको छ । गाउँपालिकाले उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । उठ्नुपर्ने आन्तरिक आयको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तिको अभिलेख तयार गर्नु पर्ने र सोहि अनुसार आयको लेखाङ्कन गरी उल्लेखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु.

| क्रस | पोखरीको नाम | प्रस्ताव दाताकोनाम | कवोल अंक | प्रति किस्ता | २०८०/८१ सम्मबुझाउनु पर्ने किस्ता संख्या | २०८०/८१बुझाउनुपर्ने किस्ता रकम | २०८०/८१ सम्मबुझाएको | बाँकी बक्यौता |
|---|---|---|---|---|---|---|---|---|
| १ | धोबाहापोखरी | श्रीमा दुर्गा भवानी एकीकृत कृषि फर्म कालिकामाइ गा पा ३(धनन्जय प्रसाद पटेल) | ४२१२६०० | ७०२१०० | ६ | ४२१२६०० | ३४६८३०० | ७४४३०० |
| २ | पनघटवापोखरी | श्रीसन्सारीमाइ एकीकृत कृषि फर्म धोबीनी गा पा ५ (अशोक प्रसाद यादव) | २०४०६०० | ३४०१०० | ६ | २०४०६०० | १४५३१०२ | ५८७४९८ |
| ३ | पुरैनियापोखरी | श्रीमुस्ताक माछा फर्म छिपहरमाइ गा पा २(मोगिस आलम) | ७११०००० | ११८५००० | ६ | ७११०००० | ३५३०४७५ | ३५७९५२५ |
| जम्मा | जम्मा | | | | | १३३६३२०० | ८४५१८७७ | ४९११३२३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४९,११,३२३ |

४३.४ **ठेक्का तोड्ने र नोक्सानी बिगो भर्ने भराउने -**

रकम र सरकारी ठेक्का बन्दोबस्त ऐन, २०२० को १२क दफा १२ मा तोकिएको म्यादभित्र ठेकेदारले सम्झौता बमोजिम नेपाल सरकारलाई बुझाउन पर्ने रुपैयाँ नबुझाएमा वा धन जमानी दाखिल गर्न नसकेमा निजको ठेक्का तोडिने छ र त्यस सम्बन्धमा ठेकेदारले आफ्नो कबुलियत बमोजिमको काम नगरे सरह दफा २७ लागू हुनेछ । दफा २७ मा (१) मा कुनै ठेकेदारले आफूले गरेको कबुलियत बमोजिम काम नगरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छोडे वा तोडेमा त्यसबाट नेपाल सरकारलाई भएका नोक्सानी र नेपाल सरकारले ठेकेदारबाट लिनु पर्ने बाँकी र त्यसको दश प्रतिशत सुद समेत सो ठेकेदारले राखेको डिपोजिटबाट असुल नभए निज र निजको जमानी हुने व्यक्तिबाट कानून बमोजिम असुल उपर गर्ने ब्यवस्था छ ।धोबीनी गाउँपालिकाको वडा न ५ मा रहेको धोबीनी पोखरी डाक बढाबडको प्रकृयाबाट २०७७/०७/२० देखी २०८३ असार मसान्त सम्मको प्रति किस्ता रु. ९२६६०० को १० किस्तामा कबोल अंक भुक्तान गरिसक्ने गरी कुल कबोल अंक रु ९९२६००० निज नगमा माछा फर्म ( ऐनुल हक) र धोबीनी गाउँपालिका बिचमा मिति २०७७/०७/२० देखी २०८१/०३/३१ सम्म ५ वर्षका लागि सम्झौता भएकोमा निज नगमा फर्म (ऐनुल हक) ले मिति २०७७/११/१८ मा पहिलो किस्ता बुझाएपछि त्यसपछि दोश्रो र तेश्रो किस्ता बुझाउन नआएको तथा २०८० असार महिनाको विभिन्न मितिमा चौथो किस्ता बापतको रकम मात्र बुझाएकोले पालिकाले च.न. २३९ मिति, २०८०/०३/२३ को पत्रद्धारा निजको सम्झौता २०८१/०४/०१ बाट लागूहुनेगरी रद्ध गरिएको जनाएको छ। कुनै ठेकेदारले आफूले गरेको कबुलियत बमोजिम काम नगरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छोडे वा तोडेमा त्यसबाट नेपाल सरकारलाई भएका नोक्सानी र नेपाल सरकारले ठेकेदारबाट लिनु पर्ने बाँकी र त्यसको दश प्रतिशत सुद समेत सो ठेकेदारले राखेको डिपोजिटबाट असुल नभए निज र निजको जमानी हुने व्यक्तिबाट कानून बमोजिम असुल उपर गर्ने ब्यवस्था अनुसार असुल हुनुपर्ने रु

| क्रस | पोखरीको नाम | प्रस्ताव दाताको नाम | ठेक्का अबधि | कवोल अंक | प्रतिकिस्ता | किस्तासंख्या | हालसम्म बुझाएको | बुझाउनुपर्नेरकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| १ | धोबीनी पोखरी | नगमा माछापालन फार्म धोबीनी ५ (ऐनुल हक) | २०७७/०७/२०देखि २०८३ असार मसान्त सम्मको | ९९२६००० | ९९२६०० | १० | १६१२६०० | ८३१३४०० | च न २३९ मिति, २०८०/०३/२३ को पत्रबाट निजको सम्झौता रद्द गरिएको |

| असुल गर्नुपर्ने | ८३,१३,४०० |
|---|---|

४३.५ **राजश्व दाखिला -**

५० प्रतिशत अनुदानमा प्राङ्गारिक मल वितरण गर्ने कार्यक्रममा किसानलाई मल वितरण गर्ने प्रयोजनका लागि कृषि सामाग्री कम्पनी लिमिटेडलाई रु ५६०००० भुक्तानी गरेको र वितरण गर्दा किसानको योगदान बापत ५० प्रतिशतले हुन आउने रकम रु २८०००० बैंक दाखिला हुन पर्नेमा लेखापरीक्षणका क्रममा रु २००००० को मात्र भौचर पेश भएको पाइयो।कृषकको योगदान वापतको बाँकी रकम रु ८०००० को बैंक भौचर पेश भएको नदेखिएकोले भौचर प्रमाण पेश हुनु पर्ने अन्यथा बैंक दाखिला गर्नु पर्ने रकम रु

| गो भौ न मिति | **कार्य विवरण** | **भुक्तानी पाउने** | **कार्यक्रम संचालक** | **दाखिला गर्नुपर्नेरकम** |
|---|---|---|---|---|
| १३४-२०८०/०८/०९ | ५० प्रतिशत अनुदानमा गहुँको बीउ वितरण | कृषि सामग्रि कम्पनी लिमिटेड | कृषि ना.प्र.स. रबिन्द्र शर्मा | ८०००० |

| प्रमाण पेश नगरेको | ८०,००० |
|---|---|

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : धोबीनी गाउँपालिका, पर्सा , धोबिनी गाउँपालिका , पर्सा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रमोद कुमार साह | २०८०-६-२४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | महमद नवाज हुसैन | २०७९-४-९ | २०८०-६-२३ |
| लेखा प्रमुख | धनन्जय कुमार दास | २०७९-१०-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १४,३३३,२५८.३२ | ७,०७२,९९८ | ५,३२८,६६४.६३ | ० | ० | १,८९०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २८,६२४,९२०.९५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २८,६२४,९२०.९५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | २१७१४६२१.८६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १८३५६२८६०.५ | चालु खर्च | १८८६३३०२५ |
| प्रदेश सरकारबाट अनुदान | ५९११०००.० | पूँजीगत खर्च | ८३७२९१६९ |
| राजश्व बाँडफाँट | ६१९१७३४०.७७ | वित्तीय/अन्य व्यवस्था | ९९६७७०८.० |
| आन्तरिक आय | ८५५७०१४.८९ | | |
| अन्य आय | ८३४६८४४.८९ | | |
| कुल आय | २६८२९५०६१.०५ | कुल खर्च | २८२३२९९०२ |
| बाँकी मौज्दात | | ७६७९७८०.९१ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।